# शिक्षक अनुदान (राहत कोटा) वितरणमा भएका अनियमितता

तथा

# विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयनका समस्या सम्वन्धमा

छानविन गर्न गठित समितिको

# प्रतिवेदन

# २०६६

छानविन समिति

२०६६

## विषय : प्रतिवेदन सम्वन्धमा

सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरवार, काठमाडौं ।

मिति २०६६/११/११ मा माननीय अर्थमन्त्रीज्यूको कार्यकक्षमा माननीय अर्थमन्त्रीज्यू, तत्कालिन शिक्षामन्त्रीज्यू र राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू समेतको उपस्थितिमा वसेको वैठकले शिक्षा मन्त्रालय र अन्तर्गतका निकायवाट शिक्षक अनुदान (राहतकोटा) वितरणमा अनियमितता भएको भन्ने लगायत विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयनमा अवरोध उत्पन्न हुने अन्य विषयमा छानविन गरी आवश्यक सुझाव सहितको प्रतिवेदन पेश गर्न प्रा. डा. तीर्थराज खनिया (माननीय सदस्य, राष्ट्रिय योजना आयोग) को अध्यक्षतामा एक छानविन समिति गठन गरी १५ दिन भित्र काम सम्पन्न गर्ने जिम्मेवारी दिइएकोमा समितिले सम्वन्धित निकायका पदाधिकारीहरुसंग सम्पर्क, सोधपुछ, छलफल तथा अन्तरक्रिया गर्नुका साथसाथै सो संग सम्वन्धित स्थलगत भ्रमण र प्राप्त भएसम्मका कागजातहरुको अध्ययनको आधारमा तोकिएको समय सीमालाई समेत दृष्टिगत गरी शिक्षक अनुदान (राहत कोटा) वितरण र विद्यालय क्षेत्र सुधार सम्वन्धी कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा सुझाव सहितको यो प्रतिवेदन तयार गरी पेश गरेका छौं ।

१. प्रा. डा. तीर्थराज खनीया, माननीय सदस्य राष्ट्रिय योजना आयोग, संयोजक

२. श्री राजन खनाल, सहसचिव, अर्थ मन्त्रालय, सदस्य

३. डा.लवदेव अवस्थी, सहसचिव, शिक्षा मन्त्रालय, सदस्य

मिति : २०६६/११/२६
काठमाण्डौ ।

# विषयसूची

हाम्रो भनाई

परिच्छेद एक

समितिको गठन र कार्य विधि

१.१ समिति गठनको पृष्ठभूमी १

१.२ समितिको गठन २

१.३ समितिको कार्य क्षेत्र २

१.४ छानविनको प्रक्रिया र विधि ३

क) समितिको बैठक र छलफलका प्रक्रियाहरु ३

ख) उप समिति गठन ४

ग) स्थलगत निरीक्षण ४

घ) अभिलेखको अध्ययन ५

ङ) सार्वजनिक सूचना र टेलिफोनवाट जानकारी संकलन ५

च) प्रतिवेदन लेखन ५

परिच्छेद दुई

शिक्षक अनुदान (राहत कोटा) वितरण सम्बन्धमा

२.१ राहत कोटासम्बन्धमा नीतिगत व्यवस्था र कार्यान्वयनसम्बन्धी अभ्यास ६

२.२. शिक्षक राहत अनुदान कोटा वितरणका आधार (नर्म्स) र निर्देशनहरु ७

२.३ आर्थिक वर्ष २०६५/०६६ को राहत कोटा वितरणसम्बन्धी निर्णय प्रक्रिया ७

२.४ आर्थिक वर्ष २०६५/०६६ को राहत कोटा वितरणसम्बन्धी परिपत्र गर्ने प्रक्रिया ९

२.५ स्थलगत निरीक्षणबाट प्राप्त विवरणहरु : १०

२.६ राहत कोटा वितरणसम्बन्धी छानविन समितिको समग्र प्राप्ति, निष्कर्ष र सुझावहरु १३

१. छानविनको समग्र प्राप्ति १३

२. निष्कर्ष १६

३. सुझावहरु १७

## परिच्छेद तीन

## विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन सम्वन्धमा


३.१ विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन सम्बन्धमा २२

३.२ कार्यान्वयनको हालसम्मका प्रगति २३

३.३ प्रमुख चुनौती र समस्याहरु २४

३.४ सुझावहरु २६


अनुसूचीहरु


अनुसूची १ : अर्थ मन्त्रालयको परिपत्रसम्बन्धी ३१

अनुसूची २ : उप समितिका सदस्यहरु ३२

अनुसूची ३ : आ.व. २०६५।०६६ मा राहत कोटा वितरणका आधारहरु ३३

अनुसूची ४ : आ.व. २०६५।०६६ मा जिल्लागत कोटा बाँडफाँडको विवरण ३४

अनुसूची ५ : विभिन्न परिपत्र र तोकआदेशहरु ३५

अनुसूची ६ : स्थलगत प्रतिवेदन ३६

अनुसूची ७ : एउटै चलानी नम्बरका विभिन्न पत्रहरु ३७

अनुसूची ८ : विविध ३८

# हाम्रो भनाई

विद्यालयतहको पठन पाठनमा विद्यार्थी संख्याको चापको आधारमा शिक्षक दरवन्दी उपलव्ध गराउन नसकिएको अवस्थामा तत्कालमा उक्त समस्यालाई सम्वोधन गर्नका लागि विद्यालय तहवाटै शिक्षकको व्यवस्था गर्न विगत केही वर्षदेखि शिक्षक अनुदान (राहत कोटा) को व्यवस्था गरिदैं आएकोमा गत आर्थिक वर्ष २०६५।०६६ मा उक्त कोटा वितरणको प्रक्रिया अनियमित ढंगले भएको भन्ने विषय र सोही आर्थिक वर्षदेखि संचालनमा आएको विद्यालय क्षेत्र सुधार कार्यक्रमको कार्यान्वयनलाई प्रभाव पार्न सक्ने अन्य समसामयिक विषयहरुमा समेत छानविन गर्न एक समिति गठन गरी हामीलाई जिम्मेवारी दिइएको थियो । जिम्मेवारी अनुरुप स्थलगत अध्ययन समेत गरी सोका आधारमा राहत अनुदान वितरण तथा प्रति विद्यार्थी लागत अनुदान विधि अन्तर्गत नियुक्ति गरिने शिक्षकको नियुक्तिको कार्यविधि र मापदण्डका विषयमा एवम् विद्यालय क्षेत्र सुधार कार्यक्रमको सफल कार्यान्वयन गर्न र सम्भावित अनियमितताको नियन्त्रणका उपायहरु पहिल्याई सुधारका लागि सुझाव दिने उद्देश्यले प्रतिवेदन तयार गरी नेपाल सरकार समक्ष पेश गरेका छौं ।

यो प्रतिवेदन तयार पार्ने क्रममा तोकिएको १५ दिनको समय सीमालाई समेत ख्याल राख्दै विभिन्न भौगोलिक क्षेत्रमा रहेका जिल्लाहरुको स्थलगत भ्रमण, सरोकारवालाहरुसंगको अन्तरक्रिया, शिक्षा विभाग र जिल्लाहरुमा रहेका अभिलेखहरुको अध्ययन, सार्वजनिक संचार माध्यममवाट प्राप्त उजुरी र गुनासाहरुको संकलन समेत गरी समितिले आवश्यक सुझाव सहितको यो प्रतिवेदन तयार पारेको छ ।

उल्लिखित विषयमा प्रतिवेदन पेश गर्न हामीलाई यो जिम्मेवारी दिइएकोमा अर्थमन्त्री माननीय सुरेन्द्र पाण्डेज्यू, तत्कालिन शिक्षा मन्त्री माननीय रामचन्द्र कुशवाहज्यू तथा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष माननीय डा. युवराज खतिवडाज्यू प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौ । साथै मन्त्रालयका तर्फवाट समितिको कामलाई सहज वनाउन सहयोग गर्नुहुने नवनियुक्त शिक्षा मन्त्री माननीय सर्वेन्द्रनाथ शुक्लाज्यू, शिक्षाराज्यमन्त्री माननीय गोविन्द चौधरीज्यू, अर्थ सचिव श्री रामेश्वर खनाल, शिक्षा सचिवद्धय श्री दीपेन्द्र विक्रम थापा र डा. रामस्वरुप सिन्हा लगायत शिक्षा मन्त्रालय, शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालयका सम्वद्ध कर्मचारीहरु एवम् जिल्लास्थित सरोकारवाला महानुभावहरु प्रति पनि यो समिति सहयोगका लागि विशेष आभार प्रकट गर्न चाहन्छ । यसका साथै यस कामलाई सहजीकरण गर्ने उपसमितिका संयोजक एवम् सदस्यहरु र अन्य प्राविधिक कर्मचारीहरुप्रति पनि समिति विशेष धन्यवाद दिन चाहन्छ ।

प्रस्तुत प्रतिवेदनमा अपेक्षा गरिएजति सवै विषयहरु नसमेटिएका पनि हुन सक्दछन् । तथापि यो प्रतिवेदन वर्तमान परिवेशमा देखिएका कार्यक्रम कार्यान्वयनका प्रकृयागत त्रुटी र कमी कमजोरीहरुलाई पुनरावलोकन गरी सच्याउन, विद्यालय क्षेत्र सुधार कार्यक्रमको कार्यान्वयनमा रहेका कतिपय जटिलताहरुलाई न्यूनिकरण गर्न र  भावी दिनमा हुन सक्ने सम्भावित अनियमितताहरु नियन्त्रणका उपायहरु पहिल्याई समस्याको समाधान खोज्न उपयोगी हुनेछ भन्ने विश्वास समितिले लिएको छ ।

छानविन समिति

२०६६ काठमाण्डौ ।

# परिच्छेद एक
# समितिको गठन र कार्य विधि

## १.१ समिति गठनको पृष्ठभूमी

चालु आर्थिक वर्ष २०६६/०६७ को वार्षिक स्वीकृत कार्यक्रममा थप शिक्षक अनुदान (राहत कोटा) वितरणका कुनै कार्यक्रमहरु रहेका छैनन् । तर गत आर्थिक वर्षको कार्यक्रममा स्वीकृत भएका थप राहत शिक्षक अनुदानमध्ये शिक्षा विभागबाट वितरण हुन बाँकी रहेका कोटाहरु शिक्षा मन्त्रालय र शिक्षा विभागको तोकआदेशका भरमा विद्यालय तोकेर सिधै विद्यालयमा वितरण गरिएको, शिक्षा विभागबाट जिल्लामा वितरणका लागि पठाइएका तर जिल्ला शिक्षा कार्यालयबाट विद्यालयमा वितरण हुन बाँकी रहेका भनिएका कोटाहरुमा समेत विद्यालय तोकेर कोटा उपलब्ध गराउन तोकआदेश दिइएको र त्यसैका आधारमा अनियमित तरिकाले शिक्षक नियुक्ति गरिएको भन्ने विषयमा गोरखापत्र दैनिकलगायत विभिन्न पत्रपत्रिकामा केही महिनायता समाचारहरु प्रकाशित भइरहेको पाइयो ।

यसै विषयमा व्यवस्थापिका संसदको सार्वजनिक लेखा समितिले शिक्षा मन्त्रालय र शिक्षा विभागको पत्र र आदेशका आधारमा जिल्ला शिक्षा समितिमा निर्णयको लागि पेस नै नगरी वितरण गरिएका कोटाहरुको वितरणसम्बन्धी निर्णय वदर गर्न शिक्षा मन्त्रालयलाई मिति २०६६/११/०४ मा निर्देशनसमेत दिएको देखिएको ।

उल्लिखित सार्वजनिक सरोकारका विषयसंग सम्बन्धित कारण र त्यसबाट सिर्जित परिवेश तथा विद्यालय क्षेत्र सुधार कार्यक्रमको कार्यान्वयनका क्रममा नीतिगत तहदेखि कार्यान्वयन तहसम्म र जनमानसमा समेत सिर्जना भएका कतिपय अन्यौल समेतका कारणले नेपाल सरकारले चालु आर्थिक वर्ष २०६६/०६७ देखि विकासका साझेदारहरुको सहयोग समेतमा संचालित एवम् सरकारको पहिलो प्राथमिकतामा परेको विद्यालय क्षेत्र सुधारका कार्यक्रमको प्रभावकारी व्यवस्थापन र सञ्चालनका विषयमा समेत नकारात्मक असर पर्न सक्ने सम्भावना देखिन गयो । खासगरी यसबाट देशका विभिन्न विद्यालयहरुमा अध्ययनरत बालबालिकाका लागि शिक्षामा गरिएको लगानीको सुनिश्चितता, पारदर्शिता र नियमितताका विषयमा अनेकौ शंकाउपशंका जन्मने स्थिति उत्पन्न हुन जाने अवस्था देखियो ।

**१.२ समितिको गठन**

माथि प्रस्तुत गरिएका कारणहरुबाट सिर्जना हुनसक्ने परिस्थितिको गम्भिरतालाई विचार गरी मिति २०६६/११/ ११ मा माननीय अर्थमन्त्रीज्यूको कार्यकक्षमा माननीय अर्थमन्त्रीज्यू, तत्कालीन माननीय शिक्षामन्त्रीज्यू र राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू समेतको उपस्थितिमा बसेको बैठकले राष्ट्रिय योजना आयोगका माननीय सदस्यज्यूको संयोजकत्वमा तपसिलमा उल्लेख भएका व्यक्तिहरु रहेको समिति गठन गरी १५ दिन भित्र प्रतिवेदन पेस गर्ने जिम्मेवारी दिइएको थियो ( अनुसूची १) ।

समितिको गठन

(१) प्रा. डा. तीर्थराज खनिया, मा. सदस्य राष्ट्रिय योजना आयोग, संयोजक

(२) श्री राजन खनाल, सहसचिव, अर्थ मन्त्रालय, सदस्य

(३) डा.लवदेव अवस्थी, सहसचिव, शिक्षा मन्त्रालय, सदस्य

**१.३ समितिको कार्य क्षेत्र**

समिति गठन गर्ने क्रममा यस समितिलाई मूख्य गरेर दुईओटा जिम्मेवारी सहितको कार्यक्षेत्र तोकिएको थियो :

(१) शिक्षक अनुदान (राहत कोटा) अन्तर्गत शिक्षक नियुक्ति गर्दा अनियमितता भयो भन्ने विषयको स्थलगत भ्रमण गरी एकीन गर्ने । सो विषयको छानविन र विश्लेषणका आधारमा राहत दरवन्दी तथा प्रति विद्यार्थी अनुदानअन्तर्गत नियुक्त गरिने शिक्षकको नियुक्तिको कार्यविधि र मापदण्डका लागि सुझाव दिने ।

(२) विद्यालय क्षेत्र सुधार कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा प्रभाव पार्न सक्ने विषयहरुको समेत छानविन र विश्लेषण गर्ने । साथै कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित पक्षहरुको सफल कार्यान्वयनमा सम्भावित अनियमितता नियन्त्रणका लागि उपायहरु पहिल्याउने ।

माथि उल्लेख गरिएका कार्यक्षेत्रहरुको विषयमा अध्ययन गरी तोकिएको विषयमा सुझाव सहितको प्रतिवेदन पेस गर्न १५ दिनको समयावधि तोकिएको थियो । समितिलाई तोकिएको समयभित्र स्थलगत निरीक्षणसमेत गर्नुपर्ने भएकोले समितिले आफ्ना कामहरुलाई निम्नलिखित दायराभित्र सीमित गर्ने प्रयास गरेको थियो :

क) शिक्षक अनुदान (राहत कोटा) के कस्ता आधारमा कसरी तय भए भन्ने विषयको सन्दर्भमा राहत कोटाको अवधारणा, पृष्ठभूमि र त्यस सम्बन्धी भए गरेका अभ्यासहरुको समीक्षा गर्ने,

ख) शिक्षक अनुदान (राहत कोटा) वितरणका लागि केन्द्रबाट तय भएका आधार (नर्म्स) र त्यससम्बन्धी गरिएका निर्णय प्रक्रियाको अध्ययन गर्ने तथा यस प्रयोजनका लागि शिक्षा विभागबाट पठाइएका वितरणका आधारहरु र परिपत्रको प्रक्रियासमेत विश्लेषण गर्ने,

ग) केन्द्रबाट गएका विभिन्न निकायका तोकआदेशहरुका आधारमा विद्यालय तहमा राहत कोटा वितरण भए नभएको विषयमा अध्ययन गर्ने । यसका लागि स्थलगत अवलोकन गर्न जिल्लाहरुको छनौट गर्ने, स्थलगत निरीक्षण र सरोकारवालाहरुसंग अन्तरक्रिया गर्ने,

घ) जिल्लामा राहत कोटा वितरणको प्रक्रिया खास गरी जिल्ला शिक्षा समितिबाट निर्णय भए नभएको विषयमा अध्ययन गर्ने र सार्वजनिक लेखा समितिले मन्त्रालयलाई कार्यान्वयन गर्न दिएको निर्देशनको अवस्थाको अध्ययन गर्ने,

ङ) राहत कोटा तथा प्रति विद्यार्थी अनुदानअन्तर्गत नियुक्ति गरिने शिक्षकको नियुक्तिको कार्यविधि र मापदण्डको अध्ययन र त्यसको सुधारका लागि दिइने सुझावको पहिचान गर्ने,

च) विद्यालय क्षेत्र सुधार कार्यक्रमको हालसम्मको कार्यान्वयनको अवस्थाको समीक्षा गरी यसमा देखापरेका समस्या र चुनौतीहरुको पहिचान गर्ने, र

छ) विद्यालय क्षेत्र सुधार कार्यक्रमको कार्यान्वयनकालागि आगामी दिनमा नीतिगत र कार्यान्वयन तहमा गरिनुपर्ने सुधार र कार्यान्वयनका लागि सुझाव दिने ।

### १.४ छानविनको प्रक्रिया र विधि

छानविनको क्रममा मूलतः निम्नलिखित प्रक्रिया र विधिहरुलाई अवलम्बन गरिएको थियो :

#### क) समितिको बैठक र छलफलका प्रक्रियाहरु

तोकिएको कामलाई अगाडि बढाउन समितिको पहिलो बैठक मिति २०६६/११/१३ का दिन बसेको थियो । उक्त समितिले आफ्नो कार्यविधि तय गर्नुका साथै समय सीमालाई ध्यानमा राखी कार्य योजना तय गरियो । पटकपटक भएका बैठकमा जिल्लाहरुको छनौट, स्थलगत अवलोकन गर्ने विधि, विषय र प्रतिवेदनको ढाँचाका विषयमा छलफल र निर्णय भएको थियो । आफ्नो कार्यअवधिमा जम्मा १६ पटक समितिको बैठक बस्यो ।

छानविन समितिले मिति २०६६/११/१७ मा माननीय शिक्षामन्त्रीज्यूसंग छानविनका सम्बन्धमा शिक्षा मन्त्रालयबाट आवश्यक सहयोगका लागि छलफल गरिएको थियो । यसै क्रममा शिक्षा सचिवज्यूहरुसंग पनि छानविनको विषयमा छलफल गरिएको थियो । समितिले आफ्नो कामको सिलसिलामा शिक्षा विभागका वहालवाला र पूर्व महानिर्देशकहरु, शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालयका सम्बद्ध कर्मचारीहरु, जिल्ला शिक्षा समितिका पदाधिकारीहरु र सरोकारवालाहरुसंग स्थलगत भेटघाट, छलफल र अन्तरक्रिया समेत गरेको थियो ।

**ख) उप समिति गठन**

छानविन समितिको अनुरोधमा शिक्षा मन्त्रालयले मिति २०६६/११/१३ मा छानविनको काममा आवश्यक सहयोग पुऱ्याउन मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशक श्री वलराम के. सी.ज्यूको संयोजकत्वमा उपसमिति गठन गरेको थियो (अनुसूची २) ।

**ग) स्थलगत निरीक्षण**

समितिले स्थलगत अवलोकन र कागजात अध्ययन गर्नका लागि झापा, मोरङ, सुनसरी, बारा, पर्सा, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, चितवन, नवलपरासी, रुपन्देही, बाग्लुङ, पर्वत, स्याङ्जा र कास्की गरी जम्मा १५ जिल्लाको छनौट गरेको थियो । छोटो समयमा धेरै जिल्लाहरुको निरीक्षण गर्न सम्भव नभएकोले समितिले माथिका जिल्लाहरु छनौट गरेको थियो । अध्ययनका लागि जिल्ला छनौट गर्ने कार्यमा राहत कोटासँग सम्बन्धित विषयमा पत्रपत्रिकामा प्रकाशित विषयहरु, भौगोलिक क्षेत्र, समयसीमाका आधारमा समितिको निर्णय आदिसमेतलाई आधार मानिएको थियो । सुरुमा छनौट गरिएका सबै जिल्लामा निरीक्षण टोली प्राविधिक कारणले पुग्न सकेन । निरीक्षणको क्रममा समिति पुगेका जिल्लाहरु र जिल्ला शिक्षा अधिकारीलाई नै केन्द्रमा बोलाइएका जिल्लाहरुको विवरण देहाय बमोजिम रहेका छन् :

१. समितिले स्थलगत निरीक्षण गरेका जिल्लाहरु

- क) निरीक्षण समूह १ : चितवन, नवलपरासी र रुपन्देही
- ख) निरीक्षण समूह २ : ललितपुर, भक्तपुर र काभ्रे
- ग) निरीक्षण समूह ३ : मोरङ, सुनसरी र झापा
- घ) निरीक्षण समूह ४ : कास्की, स्याङ्जा, पर्वत र बाग्लुङ

२. जिल्ला शिक्षा अधिकारीलाई नै केन्द्रमा बोलाइएका जिल्लाहरु : नवलपरासी, पर्सा र बारा

पर्सा जिल्लालाई स्थलगत निरीक्षणका लागि छनौट गरिएको भए तापनि सार्वजनिक लेखा समितिले उक्त जिल्लामा भएका राहतकोटा वितरणका कुनै कागजात फेला नपरेकोले अर्को आदेश नभएसम्मका लागि उक्त जिल्लामा राहत र प्रति विद्यार्थी एकाइ लागतका आधारमा दिइने शिक्षक व्यवस्थापन अनुदानको रकम निकासा नदिन शिक्षा मन्त्रालयलाई निर्देशन दिएका कारण उक्त जिल्लाको स्थलगत अध्ययन गर्न जाने आवश्यकता समितिले महशुस गरेन तर यस विषयमा आवश्यक कुरा बुझ्न जिल्ला शिक्षा अधिकारीलाई केन्द्रमा बोलाइएको थियो ।

**घ) अभिलेखको अध्ययन**

समितिले छानविनको क्रममा शिक्षा मन्त्रालय, शिक्षा विभागबाट गत आर्थिक वर्षमा वितरण गरिएका राहत कोटाका सम्वन्धमा भए गरेका निर्णयहरुको अभिलेख, जिल्लामा पठाएका निर्देशनहरुको प्रतिलिपि समेतको अध्ययन गरेको थियो ।

**ङ) सार्वजनिक सूचना र टेलिफोनवाट जानकारी संकलन**

समितिले छानविनका विषयका सम्बन्धमा आवश्यक जानकारी प्राप्त गर्नका लागि शिक्षा मन्त्रालयको सहयोगमा गोरखापत्र र रेडियो नेपालबाट सार्वजनिक सूचना जारी गर्नुका साथै शिक्षा मन्त्रालयमा हटलाइन टेलिफोनको व्यवस्था गरी सूचना संकलन गरेको थियो । प्रतिवेदन तयार गर्ने क्रममा यी साधनहरुबाट प्राप्त गर्ने सूचनाहरुको विश्लेषणसमेत गरिएको थियो ।

**च) प्रतिवेदन लेखन**

छानविनसँग सम्बन्धित विषयहरुमा आवश्यक सूचना संकलन गरिसकेपछि सोको आधारमा समितिले मस्यौदा प्रतिवेदन तयार गरेको थियो । त्यसमा आवश्यक छलफल र अन्तरक्रिया गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको थियो ।

# परिच्छेद दुई

## शिक्षक अनुदान (राहत कोटा) वितरण सम्बन्धमा

### २.१ राहत कोटासम्बन्धमा नीतिगत व्यवस्था र कार्यान्वयनसम्बन्धी अभ्यास

समितिले शिक्षक अनुदान (राहत कोटा) मा विगतदेखि हालसम्म भएगरेका नीतिगत व्यवस्था र अभ्यासहरुका सम्बन्धमा अध्ययन गर्ने प्रयास गरेको थियो । यस क्रममा राहत कोटाको सिर्जनादेखि शिक्षा मन्त्रालय, शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालयसम्म भएगरेका अभ्यासहरुलाई समेत हेर्ने प्रयास गरिएको थियो । राहत कोटाका सम्बन्धमा हालसम्म भएका विकासक्रम देहाय बमोजिम रहेका छन् :

क) वि. सं. २०५६ सालदेखि थप स्वीकृत शिक्षक दरवन्दीको सिर्जना नभएको पाइयो । उक्त समयपछि पनि आन्तरिक बसाईसराई र विद्यार्थी भर्नादरमा वृद्धि भएका कारण सामुदायिक विद्यालयहरुमा विद्यार्थी सङ्ख्याको चाप बढ्न गएको देखिन्छ । सो अनुपातमा शिक्षकको सङ्ख्यामा वृद्धि हुन नसकेकाले तत्कालमा पठनपाठनमा परेको अप्ठ्यारोलाई सम्बोधन गर्न नेपाल सरकारले बढी विद्यार्थी भएका विद्यालयहरुमा शिक्षक व्यवस्थाका लागि वार्षिक रकम तोकेर एकमुष्ठ अनुदानको व्यवस्था गरेको देखिन्छ । सो व्यवस्था २०६६ आषाढ मसान्तसम्म कायम रही राहत कोटाको रुपमा निरन्तरता पाएको देखिन्छ ।

ख) तत्कालमा शिक्षक विद्यार्थी अनुपात वढी भएका विद्यालयहरुमा प्रदान गर्ने उद्देश्यबाट एकमुष्ठ अनुदान सिर्जना गरिएको भए तापनि पछि समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालय र कुनै पनि शिक्षक नपाएका अनुमति प्राप्त सामुदायिक विद्यालयहरुलाई समेत राहत कोटा पाउनकालागि योग्य ठहराई राहत कोटाको व्यवस्था गरिआएको देखिन्छ ।

ग) यसै क्रममा आर्थिक वर्ष २०६५/०६६ मा नेपाल सरकारबाट वार्षिक वजेट तथा कार्यक्रम मार्फत प्राथमिक तहमा ४००० राहत कोटा, निम्न माध्यमिक तहमा ४००० राहत कोटा र माध्यमिक तहमा ४००० राहत कोटा गरी जम्मा १२,००० राहत कोटाको व्यवस्था गरेको देखियो । तर उल्लिखित सङ्ख्यामा नै राहत कोटा सिर्जना गर्नुका आधार र औचित्यको अभिलेखन भएको पाइएन ।

घ) प्रचलित व्यवस्थाअनुसार राहत कोटाको सम्पूर्ण व्यवस्थापन गर्ने कार्यमा शिक्षा मन्त्रालय, शिक्षा विभागलाई जिम्मेवार बनाइएको छ । तर राहत कोटालाई व्यवस्थित बनाउन खास विनियम वा

निर्देशिका बनाई जारी नगरिएका कारण उक्त कोटा वितरणमा शिक्षा मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको भूमिका प्रष्ट रुपमा किटान हुन नसकेको अवस्था देखियो ।

**२.२. शिक्षक राहत अनुदान कोटा वितरणका आधार (नर्म्स) र निर्देशनहरु**

शिक्षा मन्त्रालय, शिक्षा विभागबाट राहत कोटा वितरण गर्नका लागि प्रत्येक वर्ष निश्चित आधार (नर्म्स) तयार गरी वितरण गरेको जानकारी समितिलाई दिइएको भए तापनि उक्त आधार (नर्म्स) आमजानकारीका लागि बाहिर आएको देखिएन । प्रत्येक वर्ष पटकपटक पत्रको माध्यमबाट दिइएका निर्देशनहरुको अभिलेखन पनि व्यवस्थित रहेको देखिएन । सुरुदेखि हालसम्म कार्यान्वयनमा ल्याइएका आधार (नर्म्स) हरुको साराँश देहाय बमोजिम रहेका छन् :

क) कुनै पनि शिक्षक अनुदान नपाएका सामुदायिक विद्यालयहरुलाई २ शिक्षक बराबरको तलब एकमूष्ठ अनुदानका रुपमा विद्यालयलाई प्रदान गर्ने गरेको देखियो ।

ख) कुनै आर्थिक वर्षमा शिक्षा विभागबाटै जिल्लागत तथ्याङ्कका आधारमा विद्यालयहरुको विवरण तयार गरी विद्यालयको नाममा राहत कोटा निकासा गरेको देखियो । यसरी वितरण गर्दा कुनै वर्षमा समुदायमा व्यवस्थापन जिम्मा दिने सम्झौता गरेपछिमात्र उक्त राहत कोटा अनुदान दिने गरी विद्यार्थी सङ्ख्या बाहेक वितरणका लागि अन्य मापदण्डहरु तोकेको देखियो ।

ग) कुनै आर्थिक वर्षमा शिक्षा विभागबाट जिल्लाको तथ्याङ्कका आधारमा जिल्ला शिक्षा समितिबाट निर्णय गराई विद्यालयमा वितरण गर्ने गरी जिल्ला शिक्षा कार्यालयहरुलाई राहत कोटा निकासा गरेको देखियो ।

घ) खासगरी आर्थिक वर्ष २०६५/०६६ को राहत कोटा वितरणका सम्बन्धमा मिति २०६५/१०/२१ को शिक्षा सचिवस्तरीय निर्णयबाट प्राथमिक तह, निम्न माध्यमिक तह र माध्यमिक तहमा तहगत राहत कोटा वितरण गर्ने आधारहरु निर्माणगरी जिल्ला शिक्षा समितिबाट निर्णय गराई वितरण गर्नुपर्ने गरी तोकिएको देखियो । उल्लिखित तहगत दरवन्दी वितरणका आधारहरु अनुसूचीमा दिइएको छ (अनुसूची ३) । यसको अलावा शिक्षा विभागले विभिन्न तोकका आधारमा विद्यालयको नाममा सोझै पत्र पठाई राहत कोटा निकासा गरेको पनि पाइयो ।

**२.३ आर्थिक वर्ष २०६५/०६६ को राहत कोटा वितरणसम्बन्धी निर्णय प्रकिया**

शिक्षा मन्त्रालय, शिक्षा विभागबाट राहत कोटा वितरणका लागि गरिएका निर्णय देहाय बमोजिम रहेका छन् :

क) आर्थिक वर्ष २०६५/०६६ का लागि स्वीकृत १२ हजार कोटा वितरण गर्ने सन्दर्भमा शिक्षा विभागको सम्बन्धित शाखाको शाखा अधिकृतबाट टिप्पणी उठान गरी प्राथमिक तहमा ३२७४, निम्न माध्यमिक तहमा ३१५५ र माध्यमिक तहमा ३१७६ गरी कुल ९६०५ कोटा वितरण गर्न प्रस्ताव गरिएको र उक्त मध्ये ५ प्रतिशत विभागमा जगेडा राखी अरु वितरण गर्न मिति २०६५/१०/२१ मा शिक्षा सचिवस्तरीय निर्णय भएको देखिन्छ । तर उक्त कोटा वितरणको जिल्लागत सूची सचिवस्तरबाट प्रमाणित भएको देखिदैन । उक्त निर्णय कार्यान्वयन गर्दा प्राथमिक तहमा २५६२, निम्न माध्यमिक तहमा ३२४० र माध्यमिक तहमा ३३०२ गरी जम्मा ९००४ कोटा वितरण भएको देखिन्छ । शिक्षा विभागले पटकपटक गरी उक्त निर्णयलाई उद्धृत गर्दै त्यसपछि ३ पटकसम्म गरेर प्राथमिक तहमा २७३, निम्न माध्यमिक तहमा ३५९ र माध्यमिक तहमा ३०१ कोटा थप वितरण गरेको देखियो । यसबाट उक्त सचिवस्तरीय निर्णय कार्यान्वयन गर्ने क्रममा प्राथमिक तहमा २८३५, निम्न माध्यमिक तहमा ३५९९ र माध्यमिक तहमा ३६०३ गरी कुल १००३७ कोटा वितरण भएको देखिन्छ (अनुसूची ४) । यसरी पटकपटक थप कोटा वितरण गर्दा सचिवस्तरीय निर्णय भएको देखिएन । कोटा थप गर्नुको कारण र औचित्य पनि पुष्टि भएको पाइएन ।

ख) शिक्षा विभागको मिति २०६५/१२/१९ को निर्णयअनुसार विशेष शिक्षा सञ्चालन हुने विद्यालय र अपाङ्ग शिक्षकहरुका लागि प्राथमिक तहमा २००, निम्न माध्यमिक तहमा २० र माध्यमिक तहमा २० गरी कुल २४० कोटा वितरणका गर्नका लागि महानिर्देशकको तहबाट निर्णय भएको देखिन्छ ।

ग) शिक्षा विभागको मिति २०६६/०२/२९ को निर्णय प्रतिलिपिमा यस अघि वितरण गरी बाँकी रहेको प्राथमिक तहको १०३२, निम्न माध्यमिक तहको ४४३ र माध्यमिक तहको ४०८ ओटा कोटा बाँकी रहेका मध्येबाट सूचीमा उल्लेख भए अनुसार वितरण गर्ने गरि निर्णय भएको देखिन्छ । यसमा वितरण भएको भनिएको कोटा माथिको वितरण भएको विवरण संग मिल्दैन । यस निर्णयमा कुन तहमा कति कोटा वितरण गर्ने भन्ने खुल्दैन तर संलग्न सूचीमा भने प्राथमिक तहमा ९१७, निम्न माध्यमिक तहमा ३४२ र माध्यमिक तहमा ३१३ कोटा वितरण सूचीमा महानिर्देशकबाट हस्ताक्षरसम्म भएको देखिन्छ ।

घ) मिति २०६६/०३/०८ मा महानिर्देशकबाट प्राथमिक तहमा १२८, निम्न माध्यमिक तहमा ११३ र माध्यमिक तहमा ६० गरी जम्मा ३०१ कोटा वितरण गर्ने प्रस्तावित सूचीमा हस्ताक्षर भएको देखिन्छ । तर यसको प्रक्रियागत निर्णय भएको देखिएन ।

ङ) मिति २०६६/०३/२४ मा अपाङ्ग प्राथमिक तहका कोटा १४ वितरणका लागि महानिर्देशकको तहबाट निर्णय भएको देखिन्छ ।

च) पटकपटक गरी विभिन्न मिति र चलानीका आधारमा आवश्यकताका आधारमा थप हुने गरी भनी प्राथमिक तहमा २८, निम्न माध्यमिक तहमा २३ र माध्यमिक तहमा २० कोटा वितरण भएको अवस्था शिक्षा विभागको विद्यालय व्यवस्थापन शाखा (प्राथमिक) ले उपलब्ध गराएको विवरणबाट देखिन आएको छ ।

**२.४ आर्थिक वर्ष २०६५/०६६ को राहत कोटा वितरणसम्बन्धी परिपत्र गर्ने प्रक्रिया**

शिक्षा विभागबाट राहत कोटा वितरण सम्बन्धित विषयमा जिल्ला शिक्षा कार्यालयहरुमा परिपत्र गर्दा पनि एकै प्रकारको निश्चित ढाँचा र व्यहोरा उल्लेख नगरी प्रत्येक पटक फरकफरक ढङ्गले परिपत्र गरेको देखियो । मूलतः उक्त आर्थिक वर्षमा देहायका ढाँचामा परिपत्र तथा निर्देशन जारी भएको देखियो (अनुसूची ५) ।

१. निर्णयको तह र मिति उल्लेख गरिएका र वितरणका आधार समेत खोलिएका पत्रहरु,
२. निर्णयको तह र मिति उल्लेख गरिएका र प्रतिस्पर्धा गराई शिक्षक नियुक्ति गर्न निर्देशन दिइएका पत्रहरु,
३. अघिल्लो निर्णयलाई आधार मानी थप गरिएको भनिएका र पहिलेकै आधारमा रही वितरण गर्नु भनी निर्देशानुसार अनुरोध छ भनिएका तर निर्णय मिति र तह उल्लेख नभएका पत्रहरु,
४. जिल्लामा चालु आ. व. मा निकासा गरिएको कोटामा उल्लिखित विद्यालयलाई दिनु भनी विद्यालय, कोटाको तह र कोटाको संख्या तोकिएका तर निर्णय मिति र तह उल्लेख नगरी निर्देशानुसार कोटा थप गरिएको उल्लेख भएका पत्रहरु, र
५. निर्णयको तह र मिति उल्लेख नगरी निर्देशानुसार भनि थप कोटा निकासा गरी वितरणको व्यवस्था मिलाउन अनुरोध गरिएका पत्रहरु । उदाहरणको लागि शिक्षा विभागबाट पर्सा जिल्लाको लागि विभिन्न तहका ५१ वटा कोटा गएको देखिन्छ । उक्त कोटा जिल्लामा प्राप्त भैसकेपछि कुनै एउटा व्यक्तिले एकमुष्ठ भरपाई गरी ४८ वटा विद्यालयका पत्रहरु बुझेको समेत देखिन्छ । ती कोटा के आधारमा वितरण भए, किन एउटै व्यक्तिलाई पत्र बुझाइयो भन्ने विषयमा थप अनुसन्धान गर्नुपर्ने देखियो (अनुसूची ५)।

चालु आर्थिक वर्ष २०६६/०६७ मा अलग्गै राहत कोटा वितरण गरेको देखिएन तर अघिल्लो आर्थिक वर्षमा विभागबाट वितरणका लागि जिल्लामा पठाइएका तर जिल्ला शिक्षा कार्यालयबाट विद्यालयहरुमा वितरण गर्न बाँकी रहेका राहत कोटा वितरणमा प्रत्यक्ष प्रभाव पार्ने गरी देहाय

बमोजिमका व्यहोरा भएका परिपत्रहरु शिक्षा मन्त्रालय, शिक्षा विभागबाट जिल्ला शिक्षा कार्यालयहरुमा पटकपटक पठाएको देखियो ।

१. आर्थिक वर्ष २०६५/०६६ सम्म जिल्लामा निकासा गरिएका राहत कोटाबाट सम्बोधन गर्ने भनी विद्यालयको नाम, दिनुपर्ने कोटाको तह र सङ्ख्या तोकिएका पत्रहरु, र
२. माननीय मन्त्रीज्यू र माननीय राज्यमन्त्रीज्यूको राहत कोटा उपलब्ध गराउने भन्ने महानिर्देशकका नाममा तोकआदेश भएका र निजी सचिवालयबाट सिधै महानिर्देशकलाई पठाइएका पत्रहरु तथा ती पत्रको कार्यान्वयन गर्न भनी शिक्षा विभागले निर्देशन गरेका पत्रहरु ।

**२.५ स्थलगत निरीक्षणबाट प्राप्त विवरणहरु :**

स्थलगत निरीक्षण भ्रमणका क्रममा अध्ययन गरिएका विषयहरु देहाय बमोजिम रहेका छन् :

क) मिति २०६५ साल माघ २१ गते र त्यस भन्दापछि शिक्षा विभागबाट जिल्लामा उपलब्ध भएका राहत कोटाको अभिलेख केलाइएको ।

ख) जिल्ला शिक्षा समितिको निर्णय भई वितरण भएको वा सर्वदलीय संयन्त्रको निर्णय भई वितरण भएको वा अन्य किसिमबाट निर्णय भई वितरण भएको राहत कोटाका सम्बन्धमा भएका बैठकको निर्णय अध्ययन गरिएको ।

ग) अध्ययनका लागि जिल्ला शिक्षा कार्यालयबाट अभिलेख संकलन, जिल्ला शिक्षा अधिकारी तथा सम्बन्धित कर्मचारीहरूसँग छलफल तथा अन्तरक्रिया र शिक्षकका पेसागत संस्थाका प्रतिनिधिहरूसँग छलफल र अन्तरक्रिया गरी आवश्यक विवरण प्राप्त गर्नुका साथै वस्तुस्थिति, समस्या तथा समाधानका उपायहरूबारे छलफल गरी राहत शिक्षक अनुदान वितरणको विवरण संकलन गर्न तयार गरिएको फाराममा विवरण संकलन गरिएको ।

विभिन्न जिल्लाको स्थलगत अध्ययन प्रतिवेदनलाई समितिले एकीकृत गरी अध्ययन गरेको थियो । स्थलगत निरीक्षण भ्रमणका क्रममा अध्ययन गरिएका विषयहरुबाट प्राप्त भएका तथ्यहरू र सो को विश्लेषण देहाय बमोजिम रहेका छन् (अनुसूची ६) ।

क) आर्थिक वर्ष २०६५/०६६ का लागि स्वीकृत राहत कोटामध्ये शिक्षा मन्त्रालयको मिति २०६५/१०/२१ (सचिवस्तर) को निर्णयानुसार शिक्षा विभागको च. नं. ३६३ मिति २०६५/११/०२ को पत्रबाट स्थलगत अध्ययन गरिएका विभिन्न १३ ओटा जिल्लाहरू ( झापा, मोरङ, सुनसरी, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, चितवन, नवलपरासी, रुपन्देही, बाग्लुङ, पर्वत, स्याङ्जा र कास्की) मा पहिलो पटक उक्त शिक्षक अनुदान निकासा भई

गएको देखियो । ती कोटाहरु प्राय जिल्लाहरुमा उक्त आर्थिक वर्षमा नै शिक्षा समितिबाट निर्णय भई वितरण भएको, केही जिल्लामा शिक्षा समितिको निर्णय नगरी अन्य औपचारिक, अनौपचारिक छलफलपछि कार्यालय तहबाटै वितरण भएको र केही जिल्लामा वितरण हुन बाँकी रहेको अवस्था भेटियो ।

ख) शिक्षा विभागको च. नं. ८४ मिति २०६५/१२/२८ को पत्र, च. नं. ४६४ मिति २०६५/१२/०१ (टिप्पणीमा यो मिति भएको तर विभागबाट मौखिक जानकारीमा उक्त मिति २०६५/१२/१९ भनिएको) को पत्र, च. नं. ५६९ मिति २०६६/०२/२९ को पत्र र च. नं. ५७८ मिति २०६६/०३/०८ को पत्र गरी ४ पटक उल्लिखित जिल्लाहरूमा पुनः राहत कोटा निकासा भई गएको देखियो ।

ग) विभिन्न तोकआदेश भई गएको विवरणका सम्बन्धमा शिक्षा विभागबाट त्यस जिल्लामा निकासा भएका राहत अनुदानबाट विद्यालय तोकी विभागले तोकेको आधारको परिधिभित्र रही आवश्यक व्यवस्था गर्न हुन भनी पठाएका केही पत्रहरू र माननीय शिक्षामन्त्रीज्यू तथा माननीय राज्यमन्त्रीज्यूको तोकआदेशबाट (केही विद्यालयहरूको हकमा शिक्षा विभागमार्फत् र केही विद्यालयहरूका हकमा विद्यालय नै तोकी) राहत कोटाको व्यवस्था हुन वा सम्बोधन हुन भनेर पठाइएका पत्रहरू जिल्लाहरूको अभिलेखबाट प्राप्त भएको र त्यस्ता पत्रका कारण जिल्लामा जिल्ला शिक्षा अधिकारी र अन्य कर्मचारीहरूमाथि विद्यालयलाई कोटा उपलव्ध गराउन अनावश्यक दवाव परेको जानकारी प्राप्त भयो ।

घ) जिल्ला शिक्षा कार्यालयहरूले वितरण गरेका कतिपय कोटाहरू विद्यालयलाई सोझै नपठाई विभिन्न व्यक्तिहरू मार्फत् पठाएको भन्ने बुझिएकोले हालसम्म पनि कतिपय विद्यालयहरूले पत्र प्राप्त नगरी ती व्यक्तिहरुसँग नै पत्रहरु रहेको भन्ने गुनासाहरूसमेत प्राप्त भइरहेको जानकारी जिल्ला शिक्षा कार्यालयमा भएको छलफलबाट प्राप्त भयो ।

ङ) स्थलगत निरीक्षण गरिएका केही जिल्लाहरूले कुन कुन आधारमा राहत कोटा विद्यालयमा वितरण गरेको हो भन्ने उल्लेख गरेको पाइएन । यससम्बन्धी छलफलको क्रममा शिक्षकहरूको पेसागत संस्थाका प्रतिनिधिहरूको सहमतिका आधारमा निर्णय गरिएको जानकारी प्राप्त भएको तर त्यस्तो सहमतिको स्पष्ट आधार उल्लेख भएको अभिलेख भने प्राप्त हुन सकेन ।

च) केही जिल्लाहरुमा मात्र राहत कोटा वितरणसम्बन्धमा जिल्ला शिक्षा समिति लगायतका बैठकहरूको निर्णय पुस्तिकामा शिक्षा विभागले दिएको निर्देशनको अधिनमा रही कोटा

वितरण गरिएको उल्लेख भएको । तर त्यसको अधिकारिता पुष्टि गर्ने विवरण प्राप्त हुन नसकेको । शिक्षकहरूको पेसागत संस्थाका प्रतिनिधिहरूसँग समेत भएको छलफलमा उक्त कोटा वितरणका लागि विद्यार्थी शिक्षक अनुपात सहित न्यूनतम शिक्षक सङ्ख्या र विभागले दिएको आधार समेतलाई विचार गरी जिल्लातहमा नयाँ आधार निर्माण गरी सो अनुरुप राहत कोटा वितरण भएको जानकारी प्राप्त भएको ।

छ) केही जिल्लाहरूमा कति राहत शिक्षक कोटा पठाइएको थियो भन्ने सम्बन्धमा शिक्षा विभागबाट प्राप्त प्रारम्भिक विवरणहरूसँग भिडाउँदा जिल्ला शिक्षा कार्यालयको अभिलेखसँग मेल खाएको पाइएन ।

ज) केही जिल्लाहरूले जिल्लामा प्राप्त भएका राहत कोटा वितरण गर्दा शिक्षकका पेसागत संस्थाहरूसँग अनौपचारिक छलफल गरी जिल्ला शिक्षा कार्यालयले टिप्पणीमार्फत निर्णय गरी वितरण गरिएको जानकारी पाइयो ।

झ) केही जिल्लाहरूबाट जिल्लामा प्राप्त भएका राहत कोटा वितरण गर्दा विद्यार्थी सङ्ख्यालाई प्रमुख आधार मान्न नसकिएको भनाई रहेको पाइयो । उदाहरणका लागि भक्तपुर जिल्लाको विद्यार्थी शिक्षक अनुपात हेर्ने हो भने उक्त जिल्लाको लागि थप कोटा नै आवश्यक नभएको देखिन्छ तर शिक्षा विभागबाट थप राहत कोटा प्राप्त भएको कारणबाट पनि वितरणमा विद्यार्थी सङ्ख्यालाई मात्र आधार मान्नुको कुनै अर्थ छैन भन्ने जानकारी प्राप्त भएको ।

ञ) शिक्षा विभाग विद्यालय व्यवस्थापन (प्राथमिक) शाखाबाट विद्यालयको नाम तोकेर कोटा दिन जिल्ला शिक्षा कार्यालयलाई निर्देशन दिइएकोमा कुनै जिल्लामा जिल्ला शिक्षा समितिको बैठकमा छलफल गरी र कुनै जिल्लामा जुन विद्यालयका लागि तोकिएको थियो सोही विद्यालयहरूमा ती कोटा निकासा गरिएको पाइयो । विभागको त्यस्ता पत्रहरू व्यक्ति विशेषले बुझी धेरैदिनसम्म सम्बन्धित निकायमा नबुझाई आफैले राखेको जानकारी प्राप्त भयो । ती तोकिएका विद्यालयमा राहत कोटा उपलब्ध गराइदिन विभिन्न तहबाट दवाव आइरहेको जानकारी जिल्ला शिक्षा कार्यालयबाट प्राप्त भयो ।

ट) केही जिल्ला शिक्षा कार्यालयहरूले राहत कोटा वितरण गर्दा पहिले टिप्पणीका आधारमा निर्णय गरी विद्यालयहरूलाई वितरण गरिसकेपछि मात्र जिल्ला शिक्षा समितिबाट अनुमोदन गरेको पनि पाइयो भने कतिपयले पछि अनुमोदन गर्ने भनी कोटा वितरण गरेको पाइयो । मिति २०६६/११/०४ को सार्वजनिक लेखा समितिको निर्णयपछि पनि केही जिल्लाहरुमा जिल्ला शिक्षा समितिबाट राहत कोटा वितरणको अनुमोदन गराउने कार्य भएको पाइयो ।

ठ) चालु आर्थिक वर्ष २०६६/०६७ मा विद्यालय किटानी गरेर गत आर्थिक वर्षमा जिल्लामा दिइएको कोटाबाट आवश्यक सम्बोधन हुन भनेर समेत शिक्षा विभागबाट एउटै मिति र एउटै चलानी नम्बरका फरकफरक व्यहोरा भएका पत्रहरू पनि जिल्ला शिक्षा कार्यालयमा पठाईएको भेटियो । उदाहरणका लागि च. नं. ४१२ मिति २०६६/०६/०२ को एउटै जिल्ला शिक्षा कार्यालयमा पठाइएका तीन ओटा तर फरकफरक ब्यहोराको पत्र जिल्ला शिक्षा कार्यालयहरूमा पठाईएको समेत भेटियो (अनुसूची ७) ।

ड) अधिकांश जिल्लाहरूमा आर्थिक वर्ष २०६५/०६६ का लागि स्वीकृत राहत अनुदान कोटामध्ये केही कोटाहरू अझै वितरण हुन बाँकी नै रहेको पाइयो ।

**२.६ राहत कोटा वितरणसम्बन्धी छानविन समितिको समग्र प्राप्ति, निष्कर्ष र सुझावहरु**

**१. छानविनको समग्र प्राप्ति**

क) प्रत्येक आर्थिक वर्षमा कति राहत कोटा वितरण भए र कति बाँकी छन् भन्ने कुराको यकीन गर्ने एकै प्रकारको अभिलेखन शिक्षा विभागमा पाइएन । त्यस्तै जिल्ला शिक्षा कार्यालयमा अभिलेखन भएका राहत कोटा र शिक्षा विभागमा अभिलेखन गरिएका राहत कोटाका बीचमा तालमेल नभएको पाइयो । राहतकोटा वितरणसम्बन्धी काम गर्न तोकिएको विद्यालय व्यवस्थापन शाखा - प्राथमिक) बाट उपलव्ध तथ्याङ्कअनुसार गत आर्थिक वर्षमा प्राथमिक तहमा ३९६४, निम्न माध्यमिक तहमा ३९५० र माध्यमिक तहमा ३९५५ वितरण भई उक्त तहहरुमा क्रमशः ३६, ५० र ४५ गरी जम्मा १३१ कोटा वितरण हुन बाँकी देखिन्छ । तर शिक्षा विभागबाटै उपलव्ध अर्को विवरणअनुसार आर्थिक वर्ष २०६५/०६६ को अन्त सम्ममा प्राथमिक तहमा २१७७४, निम्न माध्यमिक तहमा ९५६८ र माध्यमिक तहमा ६८६६ गरी कुल ३८२०८ कोटाको कार्यक्रम र अख्तियारी जिल्लामा गएको देखिन्छ । आर्थिक वर्षमा २०६५/०६६ सम्ममा अर्थ मन्त्रालयसंग सहमति भए अनुसार प्राथमिक तहमा २२२११, निम्न माध्यमिक तहमा ९६६० र माध्यमिक तहमा ६९४० गरी कुल ३८८११ राहत कोटा रहेको देखिन्छ । तसर्थ ६०३ राहतकोटा शिक्षा विभागबाट वितरण नभएको अवस्था रहेको मान्नुपर्ने हुन आउँछ ।

ख) राहत कोटा वितरणलाई व्यवस्थित गर्ने निर्देशिकाको अभावका कारण अनुदान वितरण र शिक्षक ब्यवस्थापनमा धेरै जटिलताहरु रहेको देखियो । यसबाट राहत कोटा सिर्जनामा नीतिगत अस्पष्टता रहन गयो, राहत कोटा वितरणमा प्रकियागत त्रुटीहरु रहेको देखियो अर्थात् वितरण गर्दा पनि अपनाउनुपर्ने प्रक्रियाहरु अपनाइएन, राहत दरवन्दीको सिर्जना भयो

तर समयमा वितरण हुन सकेन र आर्थिक वर्षको अन्तसम्म पनि कोटा वितरण गरेको देखियो । विगतदेखि नै एक वर्षमा विद्यालयमा वितरण हुन नसकेका कोटाहरु अर्को वर्ष सार्दै वितरण गर्ने गरेको  पाइयो । किस्तावन्दी रुपमा खटाईखटाई कोटा वितरण गर्दा कोटा वितरणमा पूर्ण पारदर्शिता भएन र चलखेल गर्ने सम्भावना देखियो ।

ग) शिक्षा विभागबाट पहिलोपटक वितरण गरिएका राहत कोटा बाहेक अन्य समयमा वितरण गरिएका राहत कोटा वितरण गर्दा सचिवस्तरीय निर्णय भएको देखिएन । कतिपयको हकमा विभागीय प्रमुखवाट प्रकृया पुरा गरी निर्णय भएको पाइएन । जिल्लागत कोटा वाँडफाँडको प्रकृति हेर्दा माथि उल्लिखित नर्म्सलाई आधार मानि वितरण भएको भनी मान्न सकिने अवस्था पनि देखिएन ।

घ) राहत कोटा वितरण गर्दा प्रत्येक वर्ष फरकफरक प्रकृतिका मापदण्डहरु तय भएका कारण वितरणका आधाहरुमा एकरुपता नभएको पाइयो । पटकपटक फरकफरक ढाँचामा परिपत्र गर्नाले जिल्लाहरुलाई कुन कोटा समितिमा राख्नु पर्ने र कुन नपर्ने भन्ने विषयमा अन्यौल र अस्पष्टता रहेको देखियो भने कतिपय अवस्थामा यसैलाई दोहोरो व्याख्या गर्न मिल्ने अवस्था पनि देखियो । यस कारणले विद्यार्थीको संख्याको आधारमा नभै व्यक्तिगत पहूँच र प्रभावका आधारमा कोटा वितरण हुने सम्भावना देखियो । यसैगरी कोटा वितरणमा समेत केन्द्रिय र स्थानीय तहबाट राजनीतिक दवाव आएको जानकारी सम्वन्धित पक्षवाट हुन आयो ।

ङ) कतिपय अवस्थामा राहत कोटा वितरण गर्ने निर्णय गर्दा शिक्षा विभागभित्रै प्रक्रियागत रुपमा सम्बन्धित शाखा महाशाखाका प्रमुखहरुको सहभागिता गराइएको पाइएन । यसैगरी शिक्षा विभागबाट जिल्लामा गरेका पत्राचारहरुमा बोधार्थ पत्र भन्ने उल्लेख गरेको देखियो तर उक्त पत्रहरु क्षेत्रीय शिक्षा निर्देशनालयमा पुगेको अवस्था एकिन गर्न सक्ने आधारहरु पाइएन ।

च) विद्यार्थीका सङ्ख्या र अन्य निर्धारित मापदण्डका आधारमा आवश्यक नभएका जिल्लाहरुमा पनि राहत कोटा निकासा भएको पाइयो । उदाहरणका लागि भक्तपुर जिल्लालाई लिन सकिन्छ ।

छ) राहत कोटाका लागि तोक आदेश भएका अधिकाँश पत्रहरु माननीय मन्त्रीज्यू र माननीय राज्यमन्त्रीज्यूको निजी सचिवालयमार्फत भएको देखिन्छ । माननीय मन्त्रीज्यूहरुको निजी सचिवालयको भूमिका र कार्य संचालनका प्रकृयाहरु व्यवस्थित रहेको देखिएन । सचिवालयवाट सिधै महानिर्देशकलाई र शिक्षा विभागवाट सिधै जिल्लामा पत्रहरु गएको पाइयो ।

ज) कतिपय अवस्थामा शिक्षा मन्त्रालय र शिक्षा विभागवीच जिम्मेवारी बिभाजन सम्बन्धमा समन्वयको अभाव भएको देखियो । साथै शिक्षा मन्त्रालय र मातहतका निकायहरुको अन्तर सम्बन्धका अभावका कारण सस्थागत अभिलेखन व्यवस्थित हुन नसकेको देखिन्छ । त्यसैगरी विभाग अन्तर्गत कार्यको बाँडफाँड परिभाषित भएको अवस्थामा समेत सो अनुरुपको कार्य प्रक्रिया अवलम्बन नगरेको देखिन्छ । त्यस्तै शिक्षा मन्त्रालय र शिक्षा विभागबाट जिल्लालाई दिइने निर्देशन र निर्णयको जानकारी कतिपय अवस्थामा क्षेत्रीय शिक्षा निर्देशनालयको तहलाई नदिइ सिधै जिल्लामा जाने गरेको तथा जिल्लामा जाने निर्देशनहरुको वीचमा एकरुपता नदेखिएको र कतिपय अवस्थामा आधिकारिकता समेत प्रमाणित हुने अवस्था नदेखिएको पाइयो ।

झ) छानविनको क्रममा भ्रमण गरेका कतिपय जिल्लाहरुको सेवा प्रवाह र वितरण प्रक्रिया अपारदर्शी र स्थानीय तहमा आपसी मिलेमतोमा तय भई स्थापित नियम कानुन र कार्यविधिको समेत पालना नगरी भागबण्डाको आधारमा निर्णय हुने गरेको पाइयो ।

ञ) जिल्लाहरुमा केही बर्ष यता बढ्दै गएको क्षेत्रीय भावना र अन्तरद्वन्दका कारण कर्मचारीको कमी रहेको, भएका कर्मचारीहरुले पनि निर्भयताकासाथ काम गर्ने वातावरण नभएको र आवश्यक न्यूनतम भौतिक साधनको अभावमा केहि जिल्ला शिक्षा कार्यालयहरुबाट सेवाग्राहिहरुले पाउनु पर्ने सेवा पाइरहेको महसुस गर्न नसकेको जानकारी पाइयो ।

ट) दातृ निकायको चाहना र सुझावअनुसार नेपाल सरकारले अवलम्बन गरेका कार्यक्रमहरुमध्ये राहत कोटा (शिक्षक अनुदान) पनि एक हो । कार्यक्रम प्रारम्भ गर्दा अत्यन्त उत्कट इच्छा शक्ति देखाउने तर सो कार्यान्वयनमा आइसकेपछि त्यसको सकारात्मक वातावरण निर्माण गरी निर्वाध रुपमा अगाडि बढाउन दातृ निकायको उत्तिकै भूमिका हुनुपर्नेमा सो भूमिका अपेक्षित रुपमा निर्वाह गरेको पाइएन । कार्यक्रम बिग्रेको स्थितिमा सरकारमाथि दोष थुपार्ने र उपलब्धिमा आफ्नो उपस्थिती देखाउने मनोविज्ञान र व्यवहार दातृ निकायमा रहेको जानकारी प्राप्त भयो । राहत कोटा वितरणको कार्य प्रकिया निकै लामो अभ्यास र दातृ निकायको सहमति बमोजिम अगाडि बढ्दै गएको अवस्थालाई विचार गर्दा अहिले प्रकट भएको समस्या एकासी उब्जेको नभई विगतदेखिका अभ्यासहरुको नतिजा हो भन्ने देखिन आउँछ । दातृ निकायका प्रतिनिधिहरु समेत विगतका छलफल (Mission) हरुमा स्थलगत भ्रमण गरी उनीहरुले वस्तुस्थितीको लेखाजोखा गर्ने गरेको अवस्थामासमेत राहत कोटा वितरणको बस्तुस्थितीबारे जानकारी राखेको पाइएन । बर्तमान अवस्थामा सार्बजनिक लेखा

समितिको क्रियाशिलता पछि मात्र यो विषय उठान भएको जस्तो अनुभूति दातृ निकायबाट गरिनु, अप्रत्यासित रुपमा विद्यालय क्षेत्र सुधार कार्यक्रमको सहयोग स्थगित गरिनु र सबै दोषको जिम्मेबारी सरकारमाथि लगाउनु विकास साझेदारको सयुक्त जवाफदेहिताको मर्म र भावना बिपरीत देखिन्छ । उल्लिखित अवस्थालाई सिकाईको अवसरको रुपमा महसुस गरी दातृ निकाय र नेपाल सरकार शिक्षा मन्त्रालयबाट राहत कोटा जस्ता साझेदारीमा सन्चालित संयुक्त कार्यक्रमको दायित्व संयुक्त रुपमा लिई यसलाई सम्बोधन गनुपर्ने देखिन्छ ।

ठ) राहत कोटा वितरणका सन्दर्भमा विभिन्न समयमा राष्ट्रियस्तरका पत्रपत्रिकामा विभिन्न खालका गुनासाहरु प्रकाशित भैरहँदा पनि शिक्षा मन्त्रालयले समयमै प्रकाशित गुनासाहरु सम्बोधन गर्नेतर्फ सार्थक पहल नगरेको पाइयो ।

ड) स्थानीय निकायमा निर्वाचित पदाधिकारी नभएकाले जिल्ला शिक्षा समितिले आफ्नो भूमिका पूर्णरुपमा निर्वाह गर्न सक्ने अवस्था नरहेको र जिल्ला शिक्षा अधिकारीले सर्वदलिय संयन्त्रबाट निर्णय गर्नु पर्दा अनावश्यक विवादको सामना गर्नु पर्ने अवस्था रहेको पाइयो । त्यस्तै राहत कोटा लगायत विद्यालयमा प्रवाह हुने सेवा सुविधाका निर्देशनपत्रहरु तोकिए बमोजिम प्रक्रियागतरुपमा जिल्ला शिक्षा कार्यालयमा प्रवेश नै नभई व्यक्ति विशेष मार्फत सोझै विद्यालयमा पुग्ने गरेको र अनावश्यक दबाब तथा प्रलोभनका आधारमा वितरण हुने गरेको समेत जानकारी पाइयो ।

## २. निष्कर्ष

क) राहत कोटा वितरण, राहत शिक्षकहरुको नियुक्ति, सेवा शर्त र ब्यबस्थापनकालागि हालसम्म कुनै निर्देशिका जारी नभएको, आर्थिक वर्षसमाप्त भैसकेपछि स्वतः समाप्त (Freeze) हुनुपर्ने कोटा अर्को आर्थिक वर्षमा सार्दै ल्याइएको, कोटा वितरणमा शिक्षा मन्त्रालय र शिक्षा विभागबाट पनि तोक आदेश भएको, निश्चित मापदण्ड र वस्तुगत तथ्य प्रयोग नभएको, संस्थागत प्रक्रिया पुरा नगरेको कारणले कोटा वितरणमा पहुँच र प्रभाव हाबी भएको देखिएकोले राहत कोटा वितरणमा नियमितता भएको भन्न सक्ने आधारहरु देखिएनन् ।

ख) जिल्लामा पनि केहि राहत कोटा जिल्ला शिक्षा समितिको निर्णयबाट वितरण भएको, केहि कोटा जिल्ला शिक्षा कार्यालयले वितरण गरेको, केहि कोटा सोझै विद्यालयमा गएको, जिल्ला शिक्षा समितिले पनि निश्चित मापदण्ड अवलम्बन गरेको नपाइएको अवस्थामा जिल्ला तहमा समेत कोटा वितरण कार्य नियमित भएको देखिएन । जसको परिणामस्वरुप उक्त

कोटामा जिल्लाका विभिन्न विद्यालयमा गरिने नियुक्ति प्रक्रियासमेत प्रत्यक्ष प्रभाव पर्नुका साथै विद्यालय क्षेत्र सुधार कार्यक्रममा समेत नकारात्मक असर पर्न गएको देखिन्छ ।

ग) चालु आर्थिक वर्षमा तोक आदेशका आधारमा राहत कोटामा भएका नियुक्ति बदर गर्न शिक्षा मन्त्रालय, शिक्षा विभागबाट सबै जिल्लामा परिपत्र भएको देखिन्छ तर निर्णय कार्यान्वयन भयो भएन भन्ने एकिन गर्न सकिएन । प्रस्तुत विषयमा सार्बजनिक लेखा समितिबाट २०६६/११/०४ को निर्णय कार्यान्वयन सम्बन्धमा भएको निर्देशन पूर्ण रुपमा परिपालन हुनुपर्ने देखिन्छ । यस आर्थिक वर्षदेखि विद्यालयमा जाने यस्तो अनुदानलाई प्रति विद्यार्थी लागतको आधारमा दिने भनी कार्यक्रम रहेतापनि आर्थिक वर्षको सात महिना व्यतित भइसक्दा पनि यसको निर्देशिका स्वीकृत नभएकोले यो अनुदान उपलब्ध गराउने विषय पनि जोखिमपूर्ण नै देखिन्छ । यस आर्थिक वर्षमा प्रति विद्यार्थी लागतबाट जाने अनुदान हालसम्म पनि निकासा नभएकोले यसमा थप सुझाव दिन आवश्यक देखिएन ।

घ) यस समितिलाई आ.व. २०६५/०६६ मा भएगरेका काम कार्यवाहीका सम्बन्धमा मात्र छानविन गर्ने गरी कार्य विवरण तोकी १५ दिनको समयावधि दिइएको सन्दर्भमा सीमित समयमा प्राप्त जानकारी र विवरणका आधारमा प्राविधिक रुपमा विश्लेषण गरी माथि उल्लिखित निष्कर्ष निकालिएको हो । तथापि विषयवस्तुको गम्भिरता र दायरा हेर्दा राहत कोटाका सम्बन्धमा सुरुदेखि भए गरेका कामका सम्बन्धमा र राहत कोटा वितरणका कार्यका सम्बन्धमा केन्द्रदेखि जिल्लातहसम्म अख्तियार प्राप्त निकायबाट थप अनुसन्धान गरेरमात्र अनियमितता भएनभएको विषयमा निष्कर्षमा पुग्नु उपयुक्त हुने देखिन्छ ।

## ३. सुझावहरु

उल्लिखित अभ्यास, विवरण, विश्लेषण, प्राप्ति र निष्कर्षका आधारमा यस समितिले राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र शिक्षा मन्त्रालयले दीर्घकालिन र अल्पकालिन रुपमा कार्यान्वयन गर्नुपर्ने निम्न लिखित सुझावहरु सिफारिस गरिएको छ ।

दीर्घकालिन

क) बिगत देखि नै विद्यार्थी संख्याको अनुपातमा शिक्षक संख्या पुगेका जिल्लाहरुमा विद्यार्थी अनुपातको आधारमा शिक्षक बापतको रकम अनुदान दिने स्वीकृत मापदण्ड भए पनि यथार्थ तथ्याङ्कको अभावका कारण कुन विद्यालयले कति अनुदान पाउने भन्ने एकिन गर्न कठिन भएको देखिन्छ । हुन त यस्तो सबै तथ्याङ्कलाई सार्बजनिक गर्ने गरी Flash I / Flash II गरी दुई पटक तथ्याङ्कलाई सार्बजनिक गर्ने गरिएता पनि Flash Reports लाई आधार मानेर

अनुदान बितरण गरेको पाइएन । यो कारणले नै मनोगतरुपमा अनुदान बितरण हुने विद्यालयको पहुँचका आधार राहत पाउने विद्यालयको तथ्याङ्क गलतरुपमा प्रस्तुत गरी अनुदान लिन सक्ने संभावनाहरु देखिएका हुन । यस्को नियन्त्रणको महत्वपूर्ण उपाय भनेको Flash Report लाई यथार्थपरक बनाउने र सबै निर्णय प्रक्रियामा यसको प्रयोग गर्ने ब्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

ख) राहत शिक्षक अनुदान बितरणमा बार्षिकरुपमा स्वीकृत अनुदानलाई एकमुष्ठरुपमा बितरण नगरी पटक पटक निर्णय गरेर बितरण भएको देखियो । यसबाट एकिन संख्या (एकमुष्ठ रकम) लाई यसरी खण्ड खण्ड बितरण गर्नु पर्नाको कारण र औचित्य स्पष्ट हुन सकेन । यसरी पटक पटक बितरण गर्दा स्वीकृत नर्म्स र कार्यविधि अवलम्वन नहुने, बढी पहुँच हुने र केन्द्रसंग पहुँच भएकाहरुले अनुदान रकम लिएर जाने अवस्थासम्म भएको बुझियो । यो प्रक्रियाको अन्त्यका लागि विद्यार्थी शिक्षकको अनुपातमा एकमुष्ठ अनुदान एकै पटक बितरण हुनु आवश्यक देखियो ।

ग) विद्यालय व्यवस्थापनको बिषयमा केन्द्र, स्थानीय निकायहरुको भूमिका के के हुने भन्ने कुरा अझै पनि अन्योल छ । शिक्षा विकासमा कसको भूमिका के हुँने भन्ने बिषयमा हाम्रो आम सहमति हुनु पर्ने देखिन्छ ।

घ) शिक्षक ब्यबस्थापनमा नीतिगत स्पष्टता नभएकाले एउटै विद्यालयमा फरक फरक शर्तहरु र सुविधा प्राप्त गर्ने गरी ५ भन्दा बढी किसिमका शिक्षक रहेको, शिक्षा मंत्रालय तथा विभागका पदाधिकारीहरुको शैक्षिक गुणस्तर र सिकाइस्तर उपलब्धी हासिल गर्न ब्यतित हुनुपर्ने बहुमूल्य समय तोक आदेश लगाउनमा वित्ने गरेको र सर्वसाधारण गरिव जनताले तिरेको राजश्व शिक्षक तलबका नाममा खर्च हुने तर विद्यार्थीहरुले यसबाट लाभान्वित हुन नपाइरहेको स्थिति अत्यन्त चिन्ताजनक रहेको छ । यस प्रक्रियामा नीतिगत स्पष्टता तथा सुधारका लागि निम्न बमोजिम गरिनुपर्ने ।

- आगामी आबधिक योजनामा शिक्षक ब्यबस्थापनसम्बन्धी स्पष्ट रणनीति लिने ।
- बिद्यार्थी सख्याका आधारमा र न्यूनतम शिक्षक रहने गरी हाल रहेका शिक्षकहरुलाई विद्यालयहरुमा दरबन्दी मिलान (Redeployment) गर्न राजनीतिक रुपमा समेत समझदारी कायम गरी स्पष्ट नीतिगत निर्णय लिने र सोको कार्यान्वयन तुरुन्त गराउने ।

- यसका लागि शिक्षकहरुका प्रतिनिधिमूलक संस्थाहरु, सम्बन्धित विज्ञ र मंत्रालयका पदाधिकारीहरु रहनेगरी कार्यदल तुरुन्त गठन गर्ने ।
- यस किसिमको नीतिगत निर्णय लिँदा माध्यमिक तह (९-१२) लाई समेत एकिकृत रुपमा हेर्ने ।

ङ) बिद्यालय तहमा दिइने धेरै किसिमका अनुदान विद्यमान ब्यबस्थापन सूचना प्रणालीका आधारमा दिने गरिएको छ, जुन बैज्ञानिक पनि छ । तर, आर्थिक तथा अन्य सुविधा विद्यार्थी संख्यासँग आबद्ध गरिँदा बढी साधन लिने अभिप्रायले विद्यालयहरुले गलत तथ्यांक दिने गरेको भेटिएको छ । अतः शिक्षाको ब्यबस्थापन सूचना प्रणालीलाई ब्यबस्थित, भरपर्दो र तथ्यपरक बनाउनु पर्ने देखिएको छ । यसमा निम्न अनुसार हुनु पर्ने ।

- सुचना प्रणालीलाई ब्यबस्थित गर्दा अन्य कुराका अतिरिक्त गलत सूचना दिने जोसुकैलाई कार्बाहीगर्ने र गलत सूचनाका आधारमा बढी साधन लिएको भेटिएमा सम्बन्धित ब्यक्तिबाटै असूल उपर गराउने ब्यबस्था ऐन नियममा नै प्रष्ट प्राबधान रहनु पर्ने ।
- सूचना प्रणालीमा सुधार नआएसम्म हाल ब्यबस्था हुन लागेको पि.सि.एफ् लाई पनि रोकिनु पर्ने ।
- आबश्यक परेमा विज्ञको सेवा र दाताहरुबाट सहयोग समेत लिने ।

च) शिक्षक तलबमा बजेट विनियोजन र सोको निकासा प्रक्रियामा समस्या रहेको देखिएको छ । हाल कुन तहमा कुन किसिमका कति शिक्षक कार्यरत छन् त्यसको भरपर्दो सूचना विभागसँग नहूँदा शिक्षक तलबको केन्द्रीय विनियोजन एकातर्फ बस्तुपरक हुन सकेको छैन भने अर्कोतर्फ स्थानीय निकायबाट पनि शिक्षक तलबमा ठूलो रकम खर्च हुने गरेको पाइएको छ । यसले गर्दा राज्यकोषबाट कति रकम शिक्षक तलबका रुपमा खर्च भैरहेको छ स्पष्ट आँकडा कतै पनि उपलब्ध छैन । यसैगरी समयमा विद्यालयमा तलब वजेट निकासा नहुँदा शिक्षकहरुले महिनावारी खान पाउनुपर्ने तलव केही महिनाको अन्तरालमा मात्रै खान पाउने गरेकाले यसले अप्रत्यक्ष रुपमा शैक्षणिक क्रियाकलापमै नकारात्मक प्रभाव पारिरहेको छ । यस स्थितिमा सुधार ल्याउनकालागि शिक्षकहरुको अभिलेखाकंनमा सुधार, शिक्षकहरुको स्पष्ट नामनामेसी सहितको विवरण प्रमाणित भै आए पछि मात्रै अर्थ मंत्रालयबाट शिक्षक तलव वजेट निर्धारण र शिक्षक तलब रकम समयमै निकासा गर्ने जस्ता सुधारहरु तत्काल थालनी गर्नु जरुरी छ ।

छ) शिक्षक ब्यबस्थापनको हालसम्मको अनुभव, स्थलगत अध्ययनमा जाँदा सरोकारवालाहरुसँगको परामर्श र केन्द्रमा छोटो समयमै भए पनि विभिन्न विज्ञहरुको धारणालाई मनन गर्दा अब राहत कोटा जस्तो ब्यबस्था पूर्ण रुपमा बन्द गर्नु उपयुक्त हुने देखिएको छ । यस ब्यवस्थालाई अन्त्य गरी थप शिक्षकको ब्यबस्था विद्यार्थी संख्यामा आधारित (प्रति विद्यार्थी लागतमा आधारित) प्रणाली मार्फत गर्नु उपयुक्त हुने देखिन्छ । यसका लागि सूचना प्रणाली भरपर्दो बनाउन जरुरी छ । त्यसैगरी माथि दिइएको सुझाव अनुरुप नै शिक्षक ब्यबस्थापन सम्बन्धी कार्यबाही अघि बढाई शिक्षक दरबन्दी मिलान (Redeployment) गर्दा राहत शिक्षकहरुलाई पनि मिलान गर्ने वा त्यहाँ प्राप्त हुने सुझाव अनुरुप अन्य ब्यबस्था गर्नु उपयुक्त हुने देखिन्छ ।

अल्पकालिन

क) कुनै आर्थिक बर्षको लागि स्वीकृत भएको शिक्षक अनुदान बापतको रकम सो बर्षमा बितरण हुन नसकेमा रकम फिज भई अर्को बर्ष नयाँ सरह हुनु पर्नेमा राहत कोटा ( अनुदानलाई शिक्षक कोटा मानेको) भनी गतबर्षको समेत जोड्दै र बितरण गर्दै गएको देखियो । यसबाट जिल्ला र केन्द्रको दरबन्दी एकिन गर्न नसकिने, विद्यार्थी शिक्षक अनुपातमा अनुदान गयो गएन भन्न नसकिने, खर्चको वास्तविक अंक एकिन गर्न नसकिने जस्ता समस्या भएको देखियो । सबै जिल्ला र शिक्षा विभागले यो अनुदानको यथार्थ बिवरण एकीकृतरुपमा बनाई सार्वजनिक गर्न पर्ने देखिन्छ ।

ख) निरीक्षणको क्रममा जिल्ला शिक्षा कार्यालयमा अभिलेखन भएका राहत कोटा र शिक्षा विभागमा अभिलेखन गरिएका राहत कोटाका बीचमा फरक देखिएकोले शिक्षा विभागबाट के कति राहत कोटा वितरण भयो, जिल्लामा के कति अभिलेखन भयो र के कति अभिलेखन र वितरण हुन बाँकी छ भन्ने एकिन थप विश्लेषण आवश्यक देखियो । यसकालागि प्रत्येक जिल्लावाट जिल्ला शिक्षा समितिवाट वार्षिक रुपमा वितरण भएका संख्या यकीन गरि प्रमाणित गराई शिक्षा मन्त्रालयले प्रत्येक जिल्लाका तहगत महिला र साधारण समेत छुटिने गरी कुल संख्या यकीन गराउने व्यवस्था गर्नुपर्ने देखियो ।

ग) कोटा वितरण भएका सवै विद्यालयहरुको विद्यालयगत विवरण जिल्ला शिक्षा कार्यालयवाट लिइ शिक्षा विभागमा यकिन विवरण राखिनुपर्ने देखिन्छ ।

घ) शिक्षा विभागवाट पठाइएका भनिएका तर जिल्लामा नपुगेका कोटाहरुको सङ्ख्या यकिन गरी ति कोटालाई वितरण भएको नमानी त्यस वापत सम्बन्धित जिल्लामा पठाइने अनुदानलाई तत्काल रोक्का गर्नु पर्ने देखिन्छ ।

ङ) चालु वर्षमा वितरण भएका वा गत आर्थिक वर्ष सम्ममा जिल्लामा पठाइ आर्थिक वर्षको अन्त सम्म पनि विद्यालयमा वितरण हुन वाँकी रहेका राहतकोटा चालु आवमा जिल्ला शिक्षा समिति वा जिल्लाको राजनैतिक दलको संयन्त्र वा शिक्षकहरुको जिल्लामा उपलव्ध पेशागत संघ संगठनका वैठक वा सामाजिक संवाद समितिको वैठकमा निर्णय नगराइकन वितरण गरिएको रहेछ भने त्यस्ता कोटा हरुलाई रद्ध गरि उक्त संख्यालाई जिल्ला र विभागमा एकीकृत गरी शैक्षिक तथ्यांकको आधारमा थप शिक्षक पाउनुपर्ने जिल्ला र विद्यालयलाई स्पष्ट आधारहरु खोली जिल्ला शिक्षा समितिवाट निर्णय गराई वितरण गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

च) निर्णय उल्लेख नगरी निर्देशानुसार भनि पठाइएका कोटाहरुको वारेमा छानविन गरी प्रकृया नपुगेको पाइएमा त्यसमा संलग्नहरुलाई नियमानुसारको कारवाही गर्नु पर्ने देखिन्छ ।

छ) जिल्लामा विद्यालयहरुमा वितरण हुन वाँकी रहेका कोटाहरुको सम्वन्धमा प्रष्ट आधार तोकि निश्चित समय सीमा भित्र शिक्षा समितिवाट वितरण गर्न निर्देशन दिनुपर्ने र उक्त समयसीमा भित्र वितरण हुन नसक्ने राहत कोटाहरुलाई त्यस जिल्लावाट झिक्नुपर्ने  वा रद्ध गरी जिल्लाको कोटा कायम गर्नुपर्ने देखिन्छ ।

ज) चालु आवमा शिक्षा समितिवाट निर्णय गराई वितरण गरिएका तर प्रतिस्पर्धा नगराइकन शिक्षक नियुक्ति गरिएको रहेछ भने त्यस्ता शिक्षकको नियुक्ति वदर गरी विद्यार्थी संख्याको आधारमा त्यही विद्यालयले पाउनुपर्ने भएमा सोही विद्यालयमा र नभए हालको विद्यार्थि संख्याको आधारमा शिक्षक थप्नुपर्ने विद्यालयमा उक्त दरवन्दी दिने । यसरी कोटा पाइरहेको उच्च माविमा शिक्षक संख्याको गणना गर्दा न्यूनतम ८ शिक्षक संख्या मानि गणना गर्नुपर्ने देखिन्छ ।

# परिच्छेद तीन

# विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन सम्वन्धमा

## ३.१ विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन सम्बन्धमा

सबैका लागि शिक्षा र सहश्राब्दी विकासका लक्ष्य प्राप्तिका लागि तयार गरिएको विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई नेपाल सरकारले वाह्य सहयोगलाई समेत परिचालन गरेर २०६६ श्रावणदेखि कार्यान्वयनमा ल्याएको छ । यस कार्यक्रमले प्रमुख रुपमा शिक्षाको मूलधारमा आउन बाँकी रहेका लक्षित समूहका बालबालिकाहरुलाई विद्यालय शिक्षामा समेटने, विद्यार्थीको सिकाइलाई सुनिश्चित गर्न गुणस्तरयुक्त शिक्षक र पठनपाठनको व्यवस्था सुनिश्चित गर्ने, पाठ्यपुस्तकको गुणस्तरीयता र सर्वसुलभता कायम गर्ने, विद्यालयको भौतिक तथा बातावरणीय पक्षको सुधार गर्ने लक्ष्य लिएको देखिन्छ । साथै एकीकृत विद्यालय शिक्षा संरचनाको विकास तथा विस्तार गर्न कक्षा १ देखि ८ सम्मको आधारभूत शिक्षा निःशुल्क र अनिवार्य गर्ने र कक्षा ९ देखि १२ को माध्यमिक शिक्षालाई एकीकृत रुपमा सञ्चालन गरी स्तरीय र क्रमशः निःशुल्क शिक्षामा लक्षित समूहको पहूँच विस्तार गर्ने लक्ष्यसमेत यस कार्यक्रमले लिएको देखिन्छ ।

विद्यालय क्षेत्र सुधार कार्यक्रममा विद्यालय शिक्षा प्रणाली भित्र सम्बद्ध निकायहरुको दायित्व र जिम्मेवारीको किटान गरी परिणाममुखी व्यवस्थापनको अवधारणा अनुसार समग्र शैक्षिक प्रणालीको सुदृढीकरण गर्ने योजना रहेको देखिन्छ । साथै विद्यालय शिक्षाका कार्यक्रमको सफल कार्यान्वयनका लागि सहकार्यको अवधारणा बमोजिम शिक्षा क्षेत्रमा संलग्न पक्षहरुको लगानी परिचालन गरी विद्यार्थी संख्याको आधारमा स्रोतको सुनिश्चितता गर्नुपर्ने दृष्टिकोण अघि सारिएको देखिन्छ । त्यसैगरी विद्यालय व्यवस्थापन पक्षलाई सुदृढ गरी सरोकारवालाहरुको अपनत्व विकास गर्न विद्यालयलाई सिकाइ केन्द्रका रुपमा विकास गर्ने लक्ष्य राखिएको पाइन्छ ।

विद्यालय क्षेत्र सुधार कार्यक्रमको कार्यान्वयन प्रारम्भ भए तापनि यसका लागि ऐन नियममा आवश्यक संशोधन तथा अन्य तयारीका कार्यहरु हुन बाँकी नै रहेको देखियो । जसको कारण कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा केही समस्याहरु देखिएका छन् । तसर्थ छानविन समितिले कार्यक्रम कार्यान्वयन सम्बन्धमा बर्तमान स्थितिको लेखाजोखा र समस्या एवम् चुनौतीका विश्लेषण गरी सुझावहरु प्रस्तुत गरिएका छन् ।

### ३.२ कार्यान्वयनको हालसम्मका प्रगति

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयनमा हालसम्म हासिल गरिएका उपलब्धिहरु देहाय बमोजिम रहेका देखियो ।

क) विद्यालय शिक्षाको समग्र पक्षको विकास गर्ने प्रमुख कार्यक्रमका रुपमा राष्ट्रिय स्तरमा सर्वस्वीकार्य कार्यढाँचाको रुपमा स्वीकार गरिएको र विद्यालय क्षेत्र सुधार कार्यक्रमको मूल दस्तावेज नेपाल सरकारबाट स्वीकृत भई कार्ययोजना कार्यान्वयनमा आइसकेको अवस्था रहेको देखिन्छ । यस कार्यक्रममा नौ ओटा पुलिङ्ग र केही नन् पुलिङ्ग दातृनिकायबाट सहयोग प्राप्त हुने प्रतिबद्धता भई सहकार्यको संयन्त्र समेत विकास भएको देखिन्छ । त्यसैगरी यस कार्यक्रमलाई नेपाल सरकार, सरोकार पक्षका प्रतिनिधि संस्थालगायत नागरिक समाज र दातृ निकायले समेत शिक्षा विकासको प्रमुख रणनीतिकोरुपमा स्वीकार गरेको पाइयो ।

ख) यस कार्यक्रम कार्यान्वयनका लागि केन्द्र तहदेखि विद्यालय तहसम्म सबैका लागि शिक्षा लगायतका कार्यक्रमहरुको सफल कार्यान्वयनको प्रणालीगत अनुभव रहनुका साथै कार्यान्वनको लागि संयन्त्र र प्रतिबद्धता रहेको देखिन्छ । त्यसैगरी अनुगमन, मूल्याङ्कनको लागि केन्द्रदेखि स्थानीय तहसम्मको कार्यविधि र सफल कार्यान्वयनका लागि सक्षमताको वातावरण (Enabling environment) विकास भइरहेको देखिन्छ भने विद्यालय सुधार योजना र बार्षिक रणनीतिक कार्यान्वयन योजना (Annual Strategic Implementation Plan) को उपयोग गरी योजना तथा कार्यक्रमलाइ कार्यान्वयन गर्ने प्रयास भएको पाइयो ।

ग) विद्यालय क्षेत्र सुधार कार्यक्रमको कार्यान्वयनको पूर्ण जिम्मेवारी शिक्षा मन्त्रालयमा रहेको र यसको सफल कार्यान्वयन र नतिजा सुनिश्चित गर्न Joint Financing Arrangement (JFA) अन्तर्गत Policy Matrix, Governance & Accountability Action Plan (GAAP) जस्ता साधन (Instruments) हरुको आधार तयार गरिएको देखिन्छ । साथै कार्यक्रम कार्यान्वयनमा महालेखा परीक्षकको कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय तथा स्थानीय निकायको भूमिकासमेत स्पष्टरुपमा किटान गरी यी सबै निकायहरुलाई कार्यक्रम कार्यान्वयनको अभिन्न अंगको रुपमा लिइएको पाइयो ।

घ) विद्यालय क्षेत्र सुधार कार्यक्रमको केन्द्र विन्दु विद्यालय, लगानीको केन्द्रविन्दु विद्यार्थी, शैक्षिक गुणस्तरको केन्द्रविन्दु शिक्षक रहेको देखिन्छ ।

### ३.३ प्रमुख चुनौती र समस्याहरु

उल्लिखित पृष्ठभूमिमा कार्यान्वयनको प्रारम्भ तथा प्रगतिका आधारहरु तयार भए पनि यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि उपयुक्त वातावरण तयार गर्ने, आवश्यक पूर्वाधारहरुको तयारी गर्ने तथा समन्वयात्मक रुपमा कार्यक्रम कार्यान्वयन गर्ने क्रममा रहेका समस्या र चुनौतीहरु निम्नानुसार पहिचान गरिएको छ :

क) राष्ट्रिय राजनीतिक वातावरणको संक्रमणकालीन अवस्थाले नीतिगत निर्णय गर्न तथा कार्यान्वयनका लागि आवश्यक समझदारी जुटाउन कठिनाइ उत्पन्न भएको देखिन्छ । यसबाट बजेटको प्राथमिकता र अन्तराष्ट्रिय प्रतिवद्धताअनुरुप सबै राजनितिक दलहरुले प्राथमिकताकासाथ समान रुपमा शिक्षाका समस्यालाई सम्बोधन गरेको अवस्था देखिदैन । विद्यालय क्षेत्र सुधार कार्यकम कार्यान्वयनका केही समसामयिक मुलभूत पक्षहरुमा राजनैतिक दलको समान दृष्टिकोण र प्रतिबद्धता नरहेको पाइन्छ ।

ख) विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन गर्नका लागि शिक्षा ऐन नियममा आवश्यकता अनुसार संशोधन हुन ढिलाइ भई कठिनाइ उत्पन्न भएको देखिन्छ ।

ग) विद्यालय क्षेत्र सुधार कार्यक्रमको प्रभावकारिताको बिषय विद्यालयस्तरका पाठ्यपुस्तकहरु समयमै छपाई गर्ने, ढुवानी गर्ने र वितरणको व्यवस्थापन गर्ने बिषयसंग पनि सम्बन्धित हुने भएकोले जनक शिक्षा सामाग्री केन्द्रका काम कार्यवाहीका बिषयमा सार्वजनिक लेखा समिति तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दिएको निर्देशन शिक्षा मन्त्रालयबाट समयमै कार्यान्वयन नहुँदा पाठ्यपुस्तक छपाई लगायतका बिषयमा अन्योल हुन सक्ने सम्भावना देखियो ।

घ) यस आर्थिक बर्षको लागि विद्यालयमा जाने शिक्षक अनुदानलाइ प्रति विद्यार्थी लागतका (PCF) आधारमा वितरण गर्ने भन्ने नीतिगत व्यवस्था भए तापनि आर्थिक बर्षको सात महिना व्यतित भई सक्दा पनि शिक्षा मन्त्रालयबाट निर्देशिकासम्म स्वीकृत भएको देखिएन ।

ङ) दातृ निकायहरुसंग नीतिगत बिषयहरुमा शिक्षा मन्त्रालयका उच्च तहमा समय समयमा विभिन्न छलफल र बहसहरु हुनु पर्ने, निरन्तर सम्पर्क र समन्वय स्थापित हुनु पर्नेमा सो प्रक्रियाले निरन्तरता पाएको देखिएन ।

च) शिक्षा मन्त्रालयमा दुई जना सचिवहरुको दरबन्दी सृजना भएको तर मन्त्री परिषद्बाट कार्य विवरण र कार्य क्षेत्रका वारेमा प्रष्ट रुपमा किटानी नभएका कारण एकै वर्षमा पनि पटकपटक

निजहरुको जिम्मेवारी परिवर्तन गरिएको स्थितिले गर्दा समग्र मन्त्रालय र अन्तर्गतका कार्यालयहरुको कार्यवातावरण असहज भएको र यसको प्रभाव विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयनमा प्रत्यक्ष रुपमा प्रभाव पर्न गएको जानकारी पाइयो ।

छ) विद्यालय क्षेत्र सुधार कार्यक्रमको कार्यान्वयनमा सहयोग गर्न तयार गरिएको Policy Matrix र Governance and Accountability Action Plan (GAAP) मा समावेश गरिएका क्षेत्रहरु दातृनिकायसँग सहमति भएबमोजिम कार्यान्वयनमा नआएको पाइयो ।

ज) केन्द्रिय तहबाट कतिपय कार्यक्रमहरुमा वस्तुनिष्ठ आधार विना स्रोत साधन वितरण र सेवा प्रवाह हुने गरेको देखिएकोले स्रोतको आवश्यकतामा आधारित भै न्यायपूर्ण र समानुपातिक वितरण हुन नसकेको देखिन्छ । यसबाट सूचनामा आधारित भई स्रोतको न्यायपूर्ण वितरणमा पारदर्शिता र वस्तुनिष्ठताको कमजोर स्थितिको निरन्तरताले विद्यालय क्षेत्र सुधार कार्यक्रममा पनि पारदर्शी बितरण प्रणाली र तथ्याङ्कमा आधारित निर्णय हुनुपर्ने स्थिति कमजोर रहेको देखिन्छ ।

झ) सस्थागत क्षमताका दृष्टिले तुलनात्मक रुपमा केन्द्रियतहमा सन्तोषजनक स्थिति देखिए तापनि अधिकांश जिल्ला शिक्षा कार्यालय र विद्यालयहरुको संस्थागत क्षमता अत्यन्त कमजोर अवस्थामा रहेको पाइएकोले कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा कठिनाई उत्पन्न हुने देखियो ।

ञ) शिक्षा मन्त्रालयको राजनीतिक नेतृत्व र कर्मचारीतन्त्र वीच समन्वयको अभाव रहेको देखिन्छ । यसबाट निर्णय प्रक्रियामा ढिलाइ भई कार्यान्वयनमा बाधा परेको गुनासाहरु पाइयो । निर्णय प्रक्रियाका चरणहरु स्पष्ट नहुँदा अनावश्यकरुपमा फाइलहरु घुम्ने, थन्किने र समयमा निर्णय नहुने स्थिति समेत रहेकोले कार्यक्रम कार्यान्वयनमा कठिनाइ उत्पन्न भएको देखिन्छ ।

ट) विद्यालय व्यवस्थापन समितिको निर्वाचन कतिपय अवस्थामा विवादास्पद रहेको र राजनीतिक प्रतिष्पर्धाका रुपमा लिने गरिएकोले समिति गठन हुन र क्रियाशील भई काम गर्न नसकेको अवस्था पाइयो ।

ठ) केन्द्र र स्थानीय तहमा Flash Report को आधारमा निर्णय हुने प्रक्रियाको अवलम्वन हुन नसकेकाले सेवा वितरण प्रणालीलाई राजनीतिक प्रभाव र पहुँचका भरमा स्रोत र साधनको उपयोग गर्ने गराउने स्थिति रहेको देखिन्छ ।

ङ) विद्यालय क्षेत्र सुधार कार्यक्रमले परिलक्षित गरेको विद्यालय शिक्षाको संरचना अनुकूल हुने गरी शिक्षा मन्त्रालय र मातहतका निकायहरुको संरचनात्मक परिवर्तनमा आवश्यक पहल भएको देखिएन ।

ढ) विद्यालय तहमा अध्यापन गर्ने शिक्षकहरुका लागि अध्यापन अनुमति पत्र आवश्यक भएको बिषयलाई लामो समय देखि स्वीकार गरिदै आएको छ । तर यस्तो अनुमति पत्र आवश्यक नभएको वा यस बिषयमा पुनर्विचार हुदै छ, केही खुला गरिदै छ भन्ने जस्ता सार्वजनिक भनाइहरु शिक्षा मन्त्रालयका नीतिगत तहमा बस्नेहरुबाट अभिव्यक्त भैरहँदा विद्यालयमा अध्यापन गराउन अनुमति पत्र आवश्यक छ की छैन भन्ने विषयमा अन्योल बढ्दै गएको देखिन्छ । यसले शिक्षासंग सम्बन्धित नीतिगत प्रतिबद्धतालाई कमजोर बनाउदै गएको छ । अध्यापन अनुमति पत्रको बिषयमा सबै राजनीतिक दल, शिक्षाविद्हरु, सरोकारवाला संघसस्थाहरुको समान धारणा र दृष्टिकोण हुनु आवश्यक छ । यो अन्योलले गर्दा लामो समय देखि अध्यापन अनुमति पत्रको परीक्षामा नियमितता नदेखिएको, शिक्षा ऐन एवं नियमावलीमा गर्नु पर्ने संशोधन लगायतका समग्र शिक्षाका कार्यक्रमहरुमा समेत अन्योलता सिर्जना हुन गएको छ ।

**३.४ सुझावहरु**

क) शिक्षाका राष्ट्रिय मुद्दाहरुमा राजनैतिक दलहरुको बीचमा आम सहमति कायम हुनुपर्ने देखिन्छ । साथै आवश्यक देखिएमा स्थापित नीतिको संस्थागत पुनरावलोकन गरी सोहि बमोजिम निर्णय हुन जरुरी देखिन्छ । यस क्रममा केन्द्रिय तथा जिल्ला तहमा राजनीतिक पार्टी तथा अन्य सरोकारवालाहरुसंग निरन्तर सम्बादको ब्यवस्था गर्ने तथा समन्वय कायम गर्ने परिपाटीको विकास गर्नुपर्ने देखिन्छ ।

ख) शिक्षा मन्त्रालयले शिक्षण अनुमति पत्रसम्बन्धमा स्पष्ट कार्ययोजना बनाई सो को कार्यान्वयनमा निरन्तरता दिनु पर्ने देखिन्छ ।

ग) नेपाल सरकार र दातृनिकायको वीचमा शिक्षासंग सम्बन्धित सहमति भएका बिषयहरुमा समय समयमा आपसी छलफल र अन्तरक्रियालाई निरन्तरता दिनुपर्ने र सो को सञ्चार र समन्वय पनि गर्नुपर्ने देखिन्छ ।

घ) समुदायको सक्रिय संलग्नता र तत्तपरतामा सामुदायिक विद्यालयको व्यवस्थापन समुदायमा लैजान कार्यलाई सहज बनाउन शिक्षक समुदाय लगायत शिक्षाका सरोकारवालाहरुसँग नियमित अन्तरक्रिया गरी उनीहरुको विश्वास जित्ने प्रयास हुनु आवश्यक देखिन्छ । यस

क्रममा शिक्षक व्यवस्थापनलाई प्रमुख कारक तत्वको रुपमा लिई सोहि अनुसारका प्रयासहरु प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ । शिक्षक व्यवस्थापनको समग्र पक्षमा छुट्टै अध्ययन गर्नु पर्ने समेत देखिएको छ ।

ङ) विद्यालयहरुलाई शिक्षक अनुदान दिने बिषय महत्वपूर्ण हुँदाहुँदै पनि कतिपय विद्यालयहरुमा विद्यार्थी संख्याको अनुपातमा चाहिने भन्दा बढि शिक्षक संख्या रहेको छ भने अर्को तर्फ विद्यार्थी संख्याको आधारमा आवश्यक शिक्षक दिन सकिएको छैन । बढी दरबन्दी भएका शिक्षकहरुलाई अन्यत्र सरुवा गर्न नसकिएको कारण शिक्षक दरवन्दी मिलानको बिषय सधै समस्यामा परेको देखिन्छ । के कस्तो प्रकिया अपनाउँदा यो समस्या सम्बोधन गर्न सकिन्छ भन्ने विषयमा थप अध्ययन हुनु पर्ने देखिन्छ ।

च) शिक्षा मन्त्रालयका कामलाई प्रभावकारी बनाउन मन्त्रालय तहबाट हुने निर्णय प्रक्रियालाई संस्थागत बनाउनु पर्ने देखिन्छ । माननीय मन्त्रीज्यू र माननीय राज्यमन्त्रीज्यूले मन्त्रालयको कर्मचारी प्रशासन र निजी सचिवालयको बीचमा आवश्यक समन्वय कायम गर्नुपर्ने देखिन्छ ।

छ) सचिवहरुको कार्य बिभाजन स्पष्ट गरी सो को निरन्तर परिवर्तन हुने स्थिति अन्त्य गर्नु पर्ने, अधिकार र जिम्मेवारीको स्पष्ट बिभाजन गरी निर्णय प्रक्रियालाई सरल, पारदर्शी र छिटो छरितो बनाउनु पर्ने । त्यस्तै विभागहरु वीच कार्यक्रम कार्यान्वयनमा समन्वय स्थापित गर्न निरन्तर छलफल तथा बैठक हुने व्यवस्थालाई निरनतरता दिनुपर्ने देखिन्छ ।

ज) शिक्षा मन्त्रालय र अन्तर्गतका निकायहरुको पुनर्संरचनाको लागि कार्य दल गठन गर्न उपयुक्त हुने देखिन्छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमको कक्षा ९ देखि १२ को कार्यान्वयनको कार्य ढाँचा छिटै वनाई लागुगर्न पहल गर्ने शिक्षा मन्त्रालय र मातहतका निकायहरुको शाखा तथा महाशाखाको कार्य विवरण स्पष्ट परिभाषित गर्नुपर्ने महसुस गरियो ।

झ) Policy Matrix र Governance and Accountability Action Plan (GAAP) को कार्यान्वयनका लागि समन्वयात्मक प्रयासको संयन्त्र बनाउनु पर्ने, बार्षिक बजेट तथा कार्यक्रमको अभिन्न अंगको रुपमा समावेश गरी प्रभावकारी अनुगमन प्रणालीको व्यवस्था गर्नु पर्ने देखिन्छ । नियमित अनुगमनका लागि सरकारी संयन्त्रभित्र विद्यमान रहेको अनुगमन तथा मूल्याङ्कन प्रणालीले पनि प्रभावकारी रुपले काम गरेको देखिएन । विशेषगरी शिक्षा मन्त्रालय र अन्तगर्तका निकायहरुले यस विषयमा ठोस रुपमा अनुगमन तथा मूल्याङ्कन गरेको पाइएन ।

ञ) विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत स्रोतको वितरणलाई वस्तुनिष्ठ, पारदर्शी र समतामूलक बनाउन प्रत्येक बर्षको श्रावण मसान्त भित्रमा स्रोत वितरणका आधार सहित जिल्लाले प्राप्त

गर्ने स्रोत, स्रोत प्राप्त गर्ने आधार राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित गर्नुका साथै अन्य माध्यमबाटसमेत सार्बजनिकरण गर्नुपर्ने देखिन्छ । साथै जिल्लाले भाद्र मसान्त भित्र विद्यालयले पाउने स्रोत र स्रोत प्राप्त गर्ने आधारहरु जिल्लास्तरमा प्रकाशित गर्नुपर्ने देखिन्छ । माथिबाट तल र तलबाट माथि निरन्तर सूचना प्रवाह हुने संयन्त्र बनाउने र सूचना एवं तथ्याङ्कका आधारमा निर्णय निर्माण निर्देशिका समेतलाई ख्याल गरी निर्णय गर्ने परिपाटी बसाउने । स्रोत साधन वितरण र सेवा प्रवाह हुने वस्तुनिष्ठ आधार तयार गर्ने र स्थानीय, निजी एवं गैरसरकारी क्षेत्रबाट प्राप्त हुने स्रोतलाई समेत समनवायत्मक र एकीकृत गर्ने परिपाटीको विकास गर्ने ।

ट) कर्मचारीको कमी रहेका जिल्लाहरुमा कर्मचारी पदपूर्ति यथाशीघ्र गर्ने । शिक्षा मन्त्रालय, शिक्षा विभाग र क्षेत्रीय शिक्षा निर्देशनालयहरुबाट नियमित अनुगमन तथा मुल्याङ्कन एवं आकस्मिक निरीक्षण आदि समेत गरी प्राप्त तथ्यका आधारमा कार्यालय व्यवस्थापन गर्ने । विद्यालय व्यवस्थापन समिति गठन गरी क्रियाशील गराउने । जिल्ला र विद्यालय तहमा कार्यक्रम सञ्चालन गरी सस्थागत क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

ठ) विद्यालय तहको पाठ्यपुस्तकहरुको छपाइ जनक शिक्षा सामग्री केन्द्रले गर्दै आएकोमा विभिन्न समयमा विद्यालयमा समयमा पाठ्पुस्तक नपुगेको, छपाइ समयमा नभएको, पर्याप्त पाठ्यपुस्तक विद्यार्थीहरुले पाउन नसकेका जस्ता समस्याहरुले गर्दा पाठ्यपुस्तक छपाइमा निजी क्षेत्रको समेत संलग्नतालाई केही समय अघि देखि नीतिगतरुपमा नै स्वीकार गरी सोही बमोजिम पूर्वाञ्चल र पश्चिमाञ्चल क्षेत्रमा निजी क्षेत्रको प्रवेश पनि गराइयो । तर यो नीतिलाई निरन्तरता दिइएन । जनक शिक्षा सामग्री केन्द्रबाटै सबै पाठ्यपुस्तक छपाइ गर्ने गरी निर्णय हुने प्रयासहरु भए । यसबाट पाठ्यपुस्तकक छपाइ र बितरणमा हाम्रो ठोस नीति के हो भन्ने पनि देखिएन । यसमा हाम्रो नीतिगत प्रतिबद्धता रहन पर्ने देखियो । साथै पाठ्यपुस्तक छपाई तथा वितरणका लागि प्रभावकारी योजना सहित जनक शिक्षा सामग्री केन्द्र र निजी क्षेत्रका मुद्रकहरु समेतलाई सहभागी गराई समयमा नै गुणस्तरीय पाठ्यपुस्तक उपलब्ध हुन सक्ने व्यवस्था मिलाउन उपयुक्त देखिन्छ ।

ड) जनक शिक्षा सामग्री केन्द्रमा भए गरेका क्रियाकलापका विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानविन गरी आवश्यक कार्यवाहीको लागि शिक्षा मन्त्रालयलाई निर्देशन दिइएता पनि कार्यवाहीको अन्तिम किनारा लागेको देखिएन । जनक शिक्षा सामाग्री केन्द्रका काम कार्यवाहीका बिषयमा सार्वजनिक लेखा समिति तथा अख्तियार दुरुपयोग अनुसन्धान

आयोगले दिएको निर्देशन शिक्षा मन्त्रालयबाट यथाशीघ्र कार्यान्वयनका लागि मन्त्रालयतहवाट ठोस पहलको आवश्यकता देखिन्छ । केन्द्रको महाप्रबन्धकको नियुक्ति राजनीतिक ढङ्गबाट हुने र निजलाई प्रशासनिक नियन्त्रणको आधार बलियो हुने नदेखिएकोले यसमा सेवा करारको खुला प्रतिस्पर्धाको माध्यमबाट छनौट गरी सम्झौता मार्फत नियुक्ति गर्ने प्रक्रियाको थालनी हुनु जरुरी देखिन्छ । सम्झौता बमोजिमको कार्य सम्पादन हुन नसक्ने सूचकहरुले देखाएमा निजसंग कार्यसम्पादन सम्झौता (Performance Contract) भंग गर्न सकिने प्रावधान रहनु जरुरी देखिन्छ । लामो समय देखि जनक शिक्षामा हुदै आएको महाप्रबन्धकको नियुक्तिले यसको संस्थागत क्षमता नै कमजोर हुदै गएकोले यस तर्फ नयाँ ढंगले सोच्नु आवश्यक भएको देखिन्छ ।

ढ) जिल्ला शिक्षा कार्यालय महोत्तरी र धनुषामा यस अघि शिक्षा मन्त्रालय, शिक्षा विभागबाट गठित समितिले पेश गरेका अध्ययन प्रतिवेदनहरु सार्बजनिक गर्ने र प्रतिवेदनमा दिएका सुझाव अविलम्ब कार्यान्वयनमा ल्याउने ।

ण) शिक्षक व्यवस्थापनका सम्बन्धमा राष्टियस्तरमा नीति र कार्यप्रक्रिया स्पष्ट गर्न थप अध्ययनको आवश्यकता रहेको र सो का आधारमामात्र भविष्यको कार्यदिशा तय गर्नुपर्ने भएकोले प्रति विद्यार्थी एकाई लागतको हाल विनियोजित रकम यो वर्षलाई स्थगन गरी पूर्ण तयारीकासाथ मात्र कार्यान्वयनमा ल्याउने गरी निर्णय हुनुपर्ने देखिन्छ ।

त) यो समितिले गरेको अध्ययनको क्रममा पारदर्शिताको अभाव टडकारो रुपमा देखियो । यस सन्दर्भमा केन्द्रबाट क्षेत्र तथा जिल्लाहरुमा प्रवाहित हुने सम्पूर्ण कार्यक्रम, स्रोत र साधनको श्रावणमहिनाभित्र राष्ट्रियस्तरको पत्रपत्रिका एवम् अन्य सञ्चारका माध्यमबाट अनिवार्यरुपमा सार्बजनिक गर्ने र जिल्लाले पनि स्थानीय सञ्चारका माध्यमबाट सार्बजनिक गर्नुपर्ने देखिन्छ ।

थ) विद्यालयले सालबसाली प्राप्त गर्ने साधन र स्रोतका अधिकारिक जानकारी कुनै व्यक्ति विशेष मार्फत जिल्लामा नपठाई केन्द्रबाट नै अधिकारिक व्यक्ति वा साधनद्धारा जिल्लामा अधिकारिक व्यक्तिले प्राप्त गर्नेगरी पठाउनुपर्ने देखिन्छ । जिल्लाबाट विद्यालयमा पठाउँदा पनि सोहि प्रक्रिया अवलम्बन गर्नुपर्ने देखिन्छ ।

द) सबैका लागि शिक्षा कार्यक्रम अन्तर्गत प्राथमिक शिक्षामा र माध्यमिक शिक्षा सहयोग कार्यक्रम अन्तर्गत केही हदसम्म माध्यमिक शिक्षामा समेत दाताहरुको समन्वयात्मक रुपमा कार्यक्रममा सहयोग र नियमित समीक्षा, अनुगमन तथा मूल्यांकनमा संलग्नता रहेको थियो । हाल विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत यो प्रक्रिया अझै अघि बढेको छ । शिक्षा क्षेत्रमा प्राप्त बैदेशिक सहयोगलाई उपयोगी एवम् उत्पादक बनाउन यो प्रशंसनीय रहेको पनि छ । तर, विगत धेरै

बर्षदेखि यस प्रक्रियामा संलग्न रहे पनि कार्यान्वयन तहमा यस किसिमको विसंगतिहरु रहनुले दाता समेतको संलग्नतामा हुने विद्यमान समीक्षा, अनुगमन तथा मूल्यांकन पद्धति र प्रक्रियामा समेत प्रश्न चिन्ह खडा भएको छ । अतः सबै स्रोतबाट प्राप्त साधनको शैक्षिक नतिजा सुधारमा अधिकतम योगदान पुऱ्याउन विद्यमान अनुगमन मूल्यांकन पद्धतिलाई पुनःपरिभाषित गर्ने, सूचना प्रणालीलाई ब्यबस्थित गर्ने र आबश्यक परे पुनःडिजाइन गर्न समेत सुझाव गरिएको छ ।

# अनुसूचीहरु

## अनुसूची १ : अर्थ मन्त्रालयको परिपत्रसम्बन्धी

अनुसूची २ : उप समितिका सदस्यहरु

१. निर्देशक, श्री बलराम के.सी. क्षेत्रीय शिक्षा निर्देशनालय, काठमाडौँ

२. उप सचिवः श्री निर्मलहरी अधिकारी, अर्थ मन्त्रालय

३. उप-सचिव, डा. लेखनाथ पौडेल, शिक्षा मन्त्रालय

४. उप-सचिव, श्री दीपक शर्मा, शिक्षा मन्त्रालय

५. उप-निर्देशक, श्री वलराम तिमल्सिना, शिक्षा विभाग

६. शाखा अधिकृत, टुवराज पोखरेल, शिक्षा मन्त्रालय

७. शाखा अधिकृत, मुकुन्दमणि खनाल, शिक्षा मन्त्रालय

८. शाखा अधिकृत, इन्द्र बहादुर कुँवर, शिक्षा मन्त्रालय

# अनुसूची ३

## आ.व. २०६५।०६६ मा राहत कोटा वितरणका आधारहरु

# अनुसूची ४

## आ.व. २०६५।०६६ मा जिल्लागत कोटा बाँडफाँडको विवरण

# अनुसूची ५

## विभिन्न परिपत्र र तोकआदेशहरु

अनुसूची ६

## स्थलगत प्रतिवेदन

Filename: Rahat chhanbin final report -.doc
Directory: C:\Documents and Settings\iiep\My Documents
Template: C:\Documents and Settings\iiep\Application Data\Microsoft\Templates\Normal.dotm
Title:
Subject:
Author: MOES
Keywords:
Comments:
Creation Date: 12/24/2009 12:32:00 PM
Change Number: 593
Last Saved On: 3/19/2010 3:47:00 PM
Last Saved By: FACS
Total Editing Time: 2,770 Minutes
Last Printed On: 3/19/2010 3:49:00 PM
As of Last Complete Printing
Number of Pages: 42
Number of Words: 8,830 (approx.)
Number of Characters: 50,331 (approx.)

# स्थलगत अध्ययन प्रतिवेदन

राहत शिक्षक अनुदान ( राहतकोटा ) को सम्वन्धमा छानविन गर्न राष्ट्रिय योजना आयोगका सदस्य माननीय डा. तीर्थराज खनियाँको अध्यक्षतामा गठित राहत शिक्षक अनुदान वितरणसम्बन्धी छानविन समितिको निर्णयअनुसार हामीहरुलाई वाग्लुङ, पर्वत, स्याङ्जा र कास्की जिल्ला शिक्षा कार्यालयहरुको स्थलगत भ्रमण गरी यथार्थ विवरण उपलब्ध गराउन जिम्मेवारी दिइएकोमा मिति २०६६/११/१९ देखि मिति २०६६/११/ २१ सम्म चार जिल्लाहरुको स्थलगत भ्रमण, जिल्ला शिक्षा अधिकारी र सम्वद्ध कर्मचारीहरुसंग भएका छलफल र अन्तरक्रियावाट प्राप्त सूचना एवम् उपलब्ध भएसम्मका कागजातहरुको अध्ययन गरी निम्नाअनुसारको भए गरेको व्यहोराको प्रतिवेदन पेश गरेका छौ ।

## तपसिल

१. मिति २०६६/११/१९ गते वाग्लुङ र पर्वत तथा मिति २०६६/११/२० गते स्याङ्जा र कास्कीका जिल्ला शिक्षा कार्यालयहरुको स्थलगत भ्रमण गरी आर्थिक वर्ष २०६५/२०६६ र त्यसभन्दा पछि जिल्लामा प्राप्त राहत शिक्षक अनुदान (राहत कोटा)को विवरण केलाइयो । जिल्लामा प्राप्त भएका कोटाहरु वितरणको प्रकृया खास गरी जिल्ला शिक्षा समितिको निर्णयभइ वितरण भए वा नभएको सम्वन्धमा जिल्ला शिक्षा समितिको माइन्यूटको अध्ययन गरियो । जिल्लामा तोक आदेशका भरमा कोटा प्राप्त भए नभएको र प्राप्त भएका भए ति कोटाहरु कसरी वितरण गरिएका थिए र शिक्षा विभागको परिपत्रअनुसार त्यस्ता कोटाहरु रद्ध गरियो वा गरिएन भन्ने सम्वन्धमा समेत जानकारी लिने प्रायास गरिएको थियो

२. उल्लेखित जिल्ला शिक्षा कार्यालयहरुको स्थलगत अवलोकन गर्दा ति चारआटै जिल्लाहरुमा शिक्षा विभागवाट प्राप्त कोटाहरु जिल्ला शिक्षा समितिवाट निर्णय गराइ वितरण गरेको देखियो । यसका साथै ती जिल्लाहरुमा चालु आव मा तोक आदेशको भरमा विद्यालय तोकेर निकासा भएका कोटाहरु शिक्षा समितिको निर्णय विना वितरण गरेको देखिएन । जिल्ला शिक्षा अधिकारीहरुको भनाइमा पनि जिल्लामा विभागको पछिल्लो परिपत्र अनुसार रद्ध गर्नुपर्ने अवस्थाका कोटाहरु नभएको समेत जानकारी प्राप्त भयो । जिल्लामा पुगेका राहतकोटा निकासाका परिपत्र उक्त कोटा वितरण सम्वन्धी ति जिल्लाका जिल्ला शिक्षा समितिका माइन्यूटका फोटोकपीहरु यसै प्रतिवदनसाथ संलग्न गरिएका छन् । ति अभिलेखवाट देखिएका जिल्लागत विवरणहरु तल प्रस्तुत गरिएको छ ।

| जिल्ला | विभागवाट उपलब्ध विवरण | स्थलगत अवलोकनमा पाइएको विवरण |
|---|---|---|
| वाग्लुङ् | • च.नं.३६३ को पत्रवाट प्रावि ४६, निमावि ५४, मावि ७३<br>• च.नं. ५७८ कोपत्रवाट, प्रावि ४, मावि २<br>• च.नं. ८४ पत्रवाट प्रावि ५, निमावि १<br>• च.नं.५६९ पत्रवाट प्रावि १७, निमावि ८, मावि १०<br>• च.नं.१३८को पत्रवाट प्रावि २<br>• आ.व.०६५।०६६ को जम्मा पठाएको भनिएको प्रावि ७४,निमावि ६३, मावि ८५ गरी कुल २२२ शिक्षक अनुदान (राहत कोटा) | • च.नं.३६३ को पत्रवाट गएको कोटा मध्ये जिल्ला शिक्षा समितिको मिति २०६६/०१/१४को वैठकवाट निमावि ४९ र मावि ७० कोटा विद्यालयलाई वितरण गरेको देखियो । साथै मिति २०६६/०२/२८को वैठकवाट प्रावि ४६ र थप ५ अपांग कोटा विद्यालयलाई वितरण गरेको देखियो<br>• च.नं. ५७८ र च.नं.१३८ को पत्रको कोटा जिल्लामा पुगेको देखिएन<br>• च.नं.५६९ पत्रवाट पठाएको कोटा मध्ये जिल्ला शिक्षा समितिको मिति २०६६/१०/२० को वैठकवाट निमावि ८ र मावि १० विद्यालयलाई वितरण गरेको देखियो<br>• जम्मा प्रावि ५१,निमावि ५७ र मावि ८० गरी कुल १८८ शिक्षक अनुदान (राहत कोटा) वारे समितिवाट निर्णय भएको देखियो । |

| | | |
|---|---|---|
| पर्वत | • च.नं.३६३ को पत्रवाट प्राविं ६ निमावि २२ र मावि ४०<br>• च.नं. ५७८ कोपत्रवाट, प्रावि ६, निमावि ३ र मावि २<br>• च.नं. ८४ को पत्रवाट प्रावि ४<br>• च.नं.५६९ पत्रवाट प्रावि १२, निमावि ४ र मावि ५<br>• च.नं.१३८को पत्रवाट प्रावि १<br>• २०६५ चैत्र १९ को निर्णयका आधारमा मावि १<br>• आ.व.०६५।०६६ को जम्मा पठाएको भनिएको प्रावि २९,निमावि २९, मावि ४८ गरी कुल १०६ शिक्षक अनुदान (राहत कोटा) | • च.नं.३६३ को पत्रवाट गएको प्रावि १० निमावि २२ र मावि ४० कोटा जिल्ला शिक्षा समितिको मिति २०६६/०२/१३ को वैठकवाट आधारहरु सहित वितरण गरेको देखियो<br>• च नं ५६९ र ५७८ को पत्रवाट गएको कोटा हरु जिल्ला शिक्षा समितिको मिति २०६६/०७/२६ को वैठकवाट प्रावि १५, अपांग .. निमावि ७ र मावि ६ कोटा आधारहरु सहित वितरण गरेको देखियो<br>• जम्मा प्रावि २७,निमावि २९, मावि ४६ गरी कुल १०२ शिक्षक अनुदान (राहत कोटा) वारे समितिवाट निर्णय भएको देखियो |
| स्याङ्जा | • च.नं.३६३ को पत्रवाट प्रावि ८, निमावि ५० र मावि ६८<br>• च.नं.४६४ को पत्रवाट प्रावि १, निमावि १ र मावि १०<br>• च.नं. ५७८ को पत्रवाट प्रावि १ र निमावि १<br>• च.नं. ८४ को पत्रवाट प्रावि २<br>• च.नं.५६९ को पत्रवाट प्रावि १३, निमावि ६ र मावि ८<br>• च.नं.१३८को पत्रवाट प्रावि १<br>• आ.व.०६५।०६६ को जम्मा पठाएको भनिएको प्रावि २६,निमावि ५८ र मावि ८६ गरी कुल १७० शिक्षक अनुदान (राहत कोटा) | • च.नं.३६३ को पत्रवाट गएको प्रावि ८, निमावि ५० ( तत्काललाई १ जगेडामा रहने गरी ) र मावि ६८ कोटा जिल्ला शिक्षा समितिको मिति २०६५/११/२४ को वैठकवाट आधारहरु सहित वितरण गरेको देखियो<br>• च. नं ४६४ को पत्रवाट मावि १० कोटा मात्र गएको । च. नं ४६४ र च.नं.५६९ वाट गएको कोटाहरु - प्रावि १३, निमावि ६ र मावि १८ ) जिल्ला शिक्षा समितिको मिति २०६६/०३/१५ को वैठकवाट आधारहरु सहित वितरण गरेको देखियो<br>• च.नं. ५७८, च.नं ८४ र च.नं.१३८ का पत्रहरुका कोटा जिल्लामा पुगेको देखिएन<br>• जम्मा प्रावि २१, निमावि ५६ र मावि ८६ गरी कुल १६३ शिक्षक अनुदान (राहत कोटा) वारे समितिवाट निर्णय भएको देखियो |
| कास्की | • च.नं.३६३ को पत्रवाट प्रावि १०, निमावि ४८ र मावि ५०<br>• च.नं.४६४ को पत्रवाट निमावि ४ र मावि ५<br>• च.नं. ५७८ को पत्रवाट प्रावि १ र मावि १<br>• च.नं. ८४ पत्रवाट प्रावि ६, र | • च.नं.३६३ को पत्रवाट गएको प्रावि १० निमावि ४८ र मावि ५० कोटा जिल्ला शिक्षा समितिको मिति २०६६/०१/२० को वैठकवाट वितरण गरेको देखियो<br>• च.नं.४६४, च.नं. ५७८ र च.नं.५६९ को पत्रवाट प्राप्त कोटाहरु प्रावि १५ निमावि १२ र मावि ११ कोटा जिल्ला शिक्षा समितिको मिति २०६६/०५/१६ को वैठकवाट वितरण गरेको देखियो<br>• च.नं. ८४ को पत्रवाट प्राप्त कोटाहरु प्रावि ६, |

| | | |
|---|---|---|
| | निमावि १<br>• च.नं.५६९ को पत्रवाट प्रावि १४, निमावि ८ र मावि ५<br>• २०६५ चैत्र १९ को निर्णयका आधारमा मावि १<br>• आ.व.०६५।०६६ को जम्मा पठाएको भनिएको प्रावि ३१,निमावि ६१ र मावि ६२ गरी कुल १५४ शिक्षक अनुदान (राहत कोटा) | निमावि १ र मावि १ कोटा जिल्ला शिक्षा समितिको मिति २०६६/०२/०८ को वैठकवाट वितरण गरेको देखियो<br>• जम्मा प्रावि ३१, निमावि ६१ र मावि ६२ गरी कुल १५४ शिक्षक अनुदान (राहत कोटा) वारे समितिवाट निर्णय भएको देखियो |

*नोटः*

- *च.नं.३६३ को सन्दर्भ मिति २०६५/१०/२१ को सचिवस्तरीय निर्णयको आधारमा पहिले पठाएको भनिएको विवरण संग सम्वन्धित रहेको छ ।*
- *च.नं.४६४ को सन्दर्भ मिति २०६५/१०/२१ कै निर्णयलाई उद्‌त गर्दै पछि पठाएको भनिएको विवरण संग सम्वन्धित रहेको छ ।*
- *च.नं. ५७८ को सन्दर्भ मिति २०६५/१०/२१ कै निर्णयलाई उद्‌त गर्दै फेरी पछि पठाएको भनिएको विवरण संग सम्वन्धित रहेको छ ।*
- *च.नं. ८४ को सन्दर्भ २०६५/१२/१९ को विभागीय प्रमुखको निर्णय अनुसार पठाइएका अपाङ्गहरूका लागि दिइएको कोटाको विवरण संग सम्वन्धित रहेको छ ।*
- *च.नं.५६९ को सन्दर्भ बचत बाट थप भनि वितरण गरिएको भनिएको कोटा संग सम्वन्धित रहेको छ ।*
- *च.नं.१३८को सन्दर्भ समाहित शाखाबाट पछि थप गरिएको अनुदान भनि वितरण गरिएको भनिएको कोटा संग सम्वन्धित रहेको छ ।*

४. उल्लेखित जिल्लामा कति शिक्षक कोटा पठाइएको थियो भन्ने सम्वन्धमा शिक्षा विभागवाट हामीलाई दिएको प्रारम्भिक विवरणहरु जिल्ला शिक्षा कार्यालय कास्कीमा रहेका विवरण वाहेक अन्य जिल्लाको प्राप्त विवरणसंग तालमेल खाएको देखिएन । ति हालसम्म नपुगेका भनिएका कोटाहरुको तत्कालिक अवस्थामा के कारणले पुगेनन् र हाल तिनको अवस्था के छ भन्नेवारे प्रष्ट हुन सकिएन । यस्तो अवस्था अन्य जिल्लाहरुमा पनि रहन सक्ने अवस्था देखिएकोले त्यसरी विभागवाट पठाइएका तर कार्यालयमा हाल सम्म पनि नपुगेका भनिएका र जिल्ला शिक्षा समितिको माइन्यूट हेर्दा पनि वितरण भएका नदेखिएका कोटाहरुको संख्या कसरी यकिन गर्ने र तिकोटालाई रद्ध गर्ने वा पुन वितरण गर्ने भन्ने वारे पनि एउटा निष्कर्षमा पुग्नुपर्ने देखिन्छ । शिक्षा विभागवाट यसरी पठाइएका भनिएका तर जिल्लामा नपुगेका कोटाहरुको संख्या यकिन गरी ति कोटालाई वितरण भएको नमानी त्यस वापत सम्वन्धित जिल्लामा अनुदान नजाने गरी तत्काल रोक्का गर्नु पर्ने अवस्था वारे निर्णय गरिनुपर्ने देखिन्छ ।

५. जिल्लामा गएका कतिपय पत्रहरुमा कोटा वितरणको निर्णय केन्द्रमा कुन तहवाट कहिले भएको हो भन्नेवारे खुल्न आएन । यतिकोटा थप गरिएको व्यहोरा निर्देशानुसार अनुरोध छ भनिएको मात्र पनि देखियो । कुन तहवाट के का आधारमा ति कोटा थपिएको हो र ति के आधारमा वितरणको व्यवस्था मिलाउने हो भन्ने प्रष्टसंग खुल्न आएको देखिएन । उदाहरणकालागि कास्कीमा पठाइएको च. नं ५७८ मिति २०६६।०३।०८ को पत्र यद्यपी जिल्लाले भने शिक्षा समितिमा राखि पहिलेकै आधार र प्रकृया वमोजिम नै वितरण गरेको देखियो ।

६. केही पत्रहरुमा विद्यालय, तह र कोटा तोकेरै राहतकोटाको व्यवस्था हुन वा सम्वोधन हुन भनेर पठाइएका पत्रहरु पुगेको देखिएपनि यस टोलीले स्थलगत अवलोकन गरेका ती जिल्लाहरुमा त्यस्ता पत्रहरुलाई मात्र आधारमानी कोटा वितरण गरेको भने देखिएन । यद्यपी त्यस्ता पत्रले जिल्लामा जिल्ला शिक्षा अधिकारी र अन्य कर्मचारीहरुमाथि विद्यालयलाई कोटा उपलब्ध गराउन अनावश्यक दवाव परेको गुनासो रह्यो ।

५. शिक्षा विभागको राहत कोटा रद्ध गर्ने सम्वन्धि पत्र सवै जिल्लामा पुगेको देखियो । यस अर्थमा सार्वजनिक लेखा समितिको निर्णय, अर्थमन्त्रालयको निर्देशन र शिक्षा मन्त्रालयको परिपत्रलाई शिक्षा विभाग र क्षेत्रीय शिक्षा निर्देशनालय हरुले कार्यान्वयमा चासो राखेको देखियो । तर अवलोकन गरिएका ति जिल्लाहरुमा त्यस पत्रको आधारमा रद्ध गर्नु पर्ने गरी कुनै कोटा वितरण गरिएको अभिलेखवाट देखिएन ।

६.स्थलगत अध्ययनको क्रममा जिल्ला शिक्षा अधिकारी र अन्य कर्मचारीहरुवाट पूर्ण रुपमा सहयोग प्राप्त भएको अवस्था रहेकोले उल्लेखित जिल्लाहरुवाट छानविनको क्रममा यथोचित सहयोग प्राप्त भएको अवस्था थियो भन्न सकिन्छ ।

**स्थलगत अध्ययनकर्ता तथा प्रतिवेदक**

१.श्री बलराम के.सी.,

२. श्री दीपक शर्मा

मितिः २०६६/११/२३

Filename: Field visit Report 1.doc
Directory: C:\Documents and Settings\iiep\My Documents
Template: C:\Documents and Settings\iiep\Application Data\Microsoft\Templates\Normal.dotm
Title:
Subject:
Author: MOES
Keywords:
Comments:
Creation Date: 12/24/2009 12:32:00 PM
Change Number: 105
Last Saved On: 3/10/2010 9:31:00 AM
Last Saved By: MOES
Total Editing Time: 1,158 Minutes
Last Printed On: 3/19/2010 3:52:00 PM
As of Last Complete Printing
Number of Pages: 4
Number of Words: 1,253 (approx.)
Number of Characters: 7,148 (approx.)

# राहत शिक्षक अनुदान वितरणसम्बन्धी छानविन समिति

## जिल्लागत स्थलगत अध्ययन प्रतिवेदन

### १. स्थलगत अध्ययन भ्रमणको विवरण

राष्ट्रिय योजना आयोगका सदस्य माननीय डा. तीर्थराज खनियाँको अध्यक्षतामा गठित राहत शिक्षक अनुदान वितरणसम्बन्धी छानविन समितिको निर्णयअनुसार स्थलगत अध्ययनको सिलसिलामा उक्त समितिका सदस्य तथा शिक्षा मन्त्रालयका सहसचिव डा. लवदेव अवस्थी र उक्त समितिअन्तर्गत गठित उपसमितिका सदस्य डा.लेखनाथ पौडेलले मिति २०६६/११/२१ र २२ का दिन निम्नानुसार भ्रमण गरी प्राप्त गरेको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

**भ्रमण तथा अध्ययनको स्थान र मिति**

क) जिल्ला शिक्षा कार्यालय,सुनसरी, मिति २०६६/११/२०

ख) जिल्ला शिक्षा कार्यालय, झापा, मिति २०६६/११/२०

ग) जिल्ला शिक्षा कार्यालय, मोरङ्ग, मिति २०६६/११/२१

### २. अध्ययनको विधि तथा सहभागिता

अध्ययनका लागि जिल्ला शिक्षा कार्यालयबाट अभिलेख संकलन, जि.शि.अ. तथा सम्बन्धित कर्मचारीहरुसंग छलफल तथा अन्तर्क्रिया र शिक्षकका पेसागत युनियन,संगठन, संघ इत्यादिका प्रतिनिधिहरुसंग छलफल र अन्तर्क्रिया गरी आवश्यक विवरण प्राप्त गर्नुका साथै वस्तुस्थिति तथा समस्या र समस्या समाधानका उपायहरु बारे छलफल भएको थियो । अध्ययनको क्रममा राहत अनुदान वितरणको विवरणसम्बन्धी एउटा फारममा आवश्यक विवरण पनि संकलन गरिएको थियो ।

### ३. जिल्लागत अध्ययन प्रतिवेदन

### ३.१ सुनसरी

जिल्ला शिक्षा कार्यालय सुनसरीमा निमित्त जिल्ला शिक्षा अधिकारी, विद्यालय प्रशासन तथा कार्यक्रम हेर्ने अधिकृतहरु, लेखाका कर्मचारीहरु, केही वि.नि. तथा स्रोतव्यक्तिहरुसंग राहत शिक्षक अनुदान वितरण प्रक्रिया, प्राप्त अनुदान, वितरित अनुदान लगायतका विषयमा छलफल हुनुका साथै निम्न अनुसारको विवरण संकलन गरियो ।

**३.१(क) आ.व. २०६५/०६६ को जिशिकालाई प्राप्त राहत शिक्षक अनुदान कोटा तथा तोक आदेशसम्बन्धी विवरण:**

अ) राहत अनुदानअन्तर्गत शिक्षा विभागबाट आ.ब. २०६५/२०६६ मा प्राप्त कोटा

- शिक्षा विभागको मिति २०६५/११/०२ को पत्रानुसार (च.नं.३६३) प्रा.वि. ३२, नि.मा.वि. २९ र मा.वि. ३२ ।
- शिक्षा विभागको मिति २०६६/०२/२९ को पत्रानुसार (च.नं.५६९) प्रा.वि. १४, नि.मा.वि ४ र मा.वि. ६ ।
- शिक्षा विभागको मिति २०६६/०९/०१ को पत्रानुसार प्रा.वि.अपाङ्ग ३ ।

आ) शिक्षा विभागबाट विद्यालय तोकी पठाइएको राहत अनुदानको विवरण

- प्राप्त नभएको ।

इ) विभिन्न तोक आदेश

- शिक्षा विभागबाट त्यस जिल्लामा निकासा भएका राहत अनुदानबाट विद्यालय तोकी विभागले तोकेको आधारको परिधि भित्र रही आवश्यक व्यवस्था गर्न हुन भनी पठाएका केही पत्रका प्रतिलिपी प्राप्त भएका ।
- माननीय शिक्षा मन्त्रीज्यूको तोक आदेशअनुसार शिक्षा विभागबाट विद्यालय तोकी राहत अनुदान वितरण सम्बन्धमा आवश्यक कार्यवाहीका लागि पठाइएका केही पत्रहरुको प्रतिलिपी प्राप्त भएको ।

**३.१(ख) आ.व. २०६५/०६६ को जिशिकालाई प्राप्त राहत शिक्षक अनुदान कोटा तथा तोकआदेश विवरण**

- शिक्षकका पेसागत संगठन, संघ तथा युनियनलगायत शिक्षकहरुका प्रतिनिधिहरुसंग सहमति कायम गरी सो अनुसार मिति २०६६/०३/१७ को जिल्ला शिक्षा समितिको निर्णयअनुसार मिति २०६५/११/०२ को शिक्षा विभागको पत्रानुसार (च.नं.३६३) प्राप्त राहत अनुदान कोटा प्रा.वि. ३२, नि.मा.वि. २९ र मा.वि. ३२ वितरण गर्ने निर्णय गरिएको (सो निर्णयमा गत बर्षको प्रा.वि. तर्फ बचत कोटा ६ सहित वितरण गरिएको) ।
- मिति २०६६/०९/०२ को शिक्षा समितिको निर्णयअनुसार शिक्षा विभागको मिति २०६६/०९/०१ को पत्रबाट प्राप्त प्रा.वि.अपाङ्ग ३ राहत अनुदान कोटा वितरण गरिएको ।
- सो बाहेक शिक्षा विभागको मिति २०६६/०२/२९ को पत्रअनुसार प्राप्त (च.नं.५६९) प्रा.वि. १४, नि.मा.वि, ४ र मा.वि. ६ राहत अनुदान कोटा वितरण गर्न बाँकी रहेको ।
- उल्लिखित निर्णयअनुसारको पत्र जि.शि.का. ले विद्यालयलाई सोझै नपठाई विभिन्न व्यक्तिहरुले बुझी लगेको हुँदा हालसम्म पनि कतिपय विद्यालयहरुले पत्र प्राप्त नगरेको भन्ने गुनासा प्राप्त भई रहेको जानकारी जि.शि.का. मा भएको छलफलबाट प्राप्त भएको ।
- राहत शिक्षक अनुदान वितरणसम्बन्धी निर्णयको बैठक पुस्तिकामा कुन कुन आधारमा कोटा वितरण गरिएको भन्ने उल्लेख नभएको र छलफलको क्रममा शिक्षकहरुको पेसागत संस्थाका प्रतिनिधिहरुको सहमतिका आधारमा निर्णय गरिएको जानकारी प्राप्त भएको तर त्यस्तो सहमतिको आधार स्पष्ट नभएको ।
- तोकआदेशको आधारमा कुनै पनि नियुक्ति नदिएको जानकारी जि.शि.का. का कर्मचारीहरुबाट प्राप्त ।

**३.२ झापा**

जिल्ला शिक्षा कार्यालय झापाका जिल्ला शिक्षा अधिकारी, विद्यालय प्रशासन तथा कार्यक्रम हेर्ने अधिकृतहरु, लेखाका कर्मचारीहरु, केही वि.नि. तथा स्रोत व्यक्तिहरुलगायत शिक्षक युनियन, शिक्षक संघ, शिक्षक संगठन तथा आदिवासी जनजाति मधेसी शिक्षक संरक्षण मञ्चका प्रतिनिधिहरुसंग राहत शिक्षक अनुदान वितरण प्रक्रिया, प्राप्त अनुदान, वितरित अनुदान लगायतका बिषयमा छलफल हुनुका साथै निम्न अनुसारको विवरण संकलन गरियो ।

**३.२ (क) आ.व. २०६५/०६६ को प्राप्त राहत शिक्षक अनुदान कोटा तथा तोक आदेशसम्बन्धी विवरण**

अ) राहत अनुदान अन्तर्गत शिक्षा विभागबाट आ.ब. २०६५/२०६६ मा प्राप्त कोटा

- मिति २०६५/११/०२ को शिक्षा विभागको पत्रानुसार (च.नं.३६३) प्रा.वि. ४, नि.मा.वि. ६५ र मा.वि. ४७।
- शिक्षा विभागको मिति २०६६/०२/२९ को पत्र (च.नं.५६९) प्रा.वि. १२, नि.मा.वि, ८ र मा.वि. ६।
- शिक्षा विभागको मिति २०६६/०३/०८ को पत्र (च.नं.५७८) प्रा.वि. १, नि.मा.वि, ३ र मा.वि. १।
- शिक्षा विभागको मिति २०६६/०२/२९ को पत्र (च.नं.५६९) प्रा.वि. १४, नि.मा.वि, ४ र मा.वि. ६।
- शिक्षा विभागको मिति २०६५/१२/२८ को पत्र (च.नं.८४) अपाङ्ग कोटा प्रा.वि. ५, नि.मा.वि, १ ।

आ) शिक्षा विभागबाट विद्यालय तोकी पठाइएको राहत अनुदानको विवरण

- मिति २०६६/०६/०९ को शिक्षा विभागको पत्रानुसार (च.नं.५४०) प्रा.वि. १, नि.मा.वि. १ राहत अनुदान विद्यालय तोकेर पठाइएको ।

इ) विभिन्न तोकादेशबाट प्राप्त पत्र

- शिक्षा विभागबाट जिल्लामा निकासा भएका राहत अनुदानबाट विद्यालय तोकी विभागले तोकेको आधारको परिधि भित्र रही आवश्यक व्यवस्था गर्न हुन भनी पठाएका केही पत्रका प्रतिलिपी प्राप्त भएका ।
- माननीय शिक्षा मन्त्रीज्यूको तोकआदेशअनुसार शिक्षा विभागबाट विद्यालय तोकी राहत अनुदान वितरण सम्बन्धमा आवश्यक कार्यवाहीका लागि पठाइएका केही पत्रहरुको प्रतिलिपी प्राप्त भएको ।

**३.२ (ग) आ.व. २०६५/०६६ को राहत शिक्षक अनुदान कोटा वितरणसम्बन्धी विवरण:**

- मिति २०६६/०१/१८, २०६६ जेठ, २०६६ असार गरी जिल्ला शिक्षा समितिको निर्णयबाट शिक्षा विभागबाट प्राप्त कोटामध्ये प्रा.वि.१७, नि.मा.वि. ७४ र मा.वि. ५४ वितरण गरिएको ।
- मिति २०६६ जेठको शिक्षा समितिको निर्णयअनुसार शिक्षा विभागको मिति २०६५/१२/२८ को पत्रबाट प्राप्त प्रा.वि.अपाङ्ग ५ र नि.मा.वि. १ राहत अनुदान कोटा वितरण गरिएको ।
- विद्यालय तोकी शिक्षा विभागको मिति २०६६/०६/०९ को पत्र अनुसार प्राप्त प्रा.वि. १, र नि.मा.वि, १ राहत अनुदान कोटा वितरण नगरिएको ।

- उल्लिखित निर्णयअनुसार जि.शि.का.ले विद्यालयलाई सोझै रजिष्ट्रपत्रद्वारा राहत अनुदान कोटाको जानकारी पठाएको ।

- राहत अनुदान वितरणसम्बन्धी जिशिसको बैठकको निर्णय पुस्तिकामा शिक्षा विभागले दिएको आधारमा रही कोटा वितरण गरिएको उल्लेख भएको । शिक्षकहरुको पेसागत संस्थाका प्रतिनिधिहरुसंग समेत भएको छलफलमा उक्त कोटा वितरणका लागि विद्यार्थी शिक्षक अनुपात सहित न्यूनतम शिक्षक संख्या र विभागले दिएको आधार समेतलाई विचार गरी निश्चित सिद्धान्तका आधारमा कोटा वितरण भएको जानकारी प्राप्त भएको ।

- तोकआदेशको आधारमा कुनै पनि नियुक्ति नदिएको जि.शि.का. का कर्मचारीहरु तथा शिक्षकका प्रतिनिधिहरुबाट जानकारी प्राप्त भएको ।

- जिल्ला शिक्षा अधिकारीले दिएको जानकारीअनुसार गत बर्ष र यस बर्ष गरी जम्मा प्रा.वि.९, नि.मा.वि.९ र मा.वि. ५ राहत अनुदान कोटा वितरण गर्न बाँकी रहेको र सो को जानकारी जिल्ला शिक्षा समितिलाई पनि भएको ।

### ३.३ मोरङ्ग

जिल्ला शिक्षा कार्यालय, मोरङ्गका निमित्त जिल्ला शिक्षा अधिकारी, विद्यालय प्रशासन तथा कार्यक्रम हेर्ने अधिकृतहरु, लेखाका कर्मचारीहरु, केही वि.नि.,स्रोतव्यक्तिहरु तथा शिक्षक युनियनका प्रतिनिधिहरुसंग राहत शिक्षक अनुदान वितरण प्रक्रिया, प्राप्त अनुदान, वितरित अनुदानलगायतका विषयमा छलफल हुनुका साथै निम्नअनुसारको विवरण संकलन गरियो ।

#### ३.३ (क) आ.व. २०६५/०६६ को प्राप्त राहत शिक्षक अनुदान कोटा तथा तोक आदेशसम्बन्धी विवरण

अ) राहत शिक्षक अनुदानअन्तर्गत शिक्षा विभागबाट आ.ब. २०६५/२०६६ मा प्राप्त कोटा

- विभिन्न मितिको शिक्षा विभागको पत्रानुसार प्रा.वि.४९, नि.मा.वि. ५० र मा.वि. ८२ ।

आ) शिक्षा विभागबाट विद्यालय तोकी पठाइएको राहत अनुदानको विवरण

- केही पत्र प्राप्त भएको ।

इ) विभिन्न तोकआदेश

- शिक्षा विभागबाट जिल्लामा निकासा भएका राहत अनुदानबाट विद्यालय तोकी विभागले तोकेको आधारको परिधि भित्र रही आवश्यक व्यवस्था गर्न हुन भनी पठाएका केही पत्रका प्रतिलिपी प्राप्त भएका ।

- माननीय शिक्षा मन्त्रीज्यूको तोकआदेशअनुसार शिक्षा विभागबाट विद्यालय तोकी राहत अनुदान वितरण सम्बन्धमा आवश्यक कार्यवाहीका लागि पठाइएका केही पत्रहरुको प्रतिलिपी प्राप्त भएको ।

आ) शिक्षा विभागबाट विद्यालय तोकी पठाइएको राहत अनुदानको विवरण

- केही पत्र प्राप्त भएको ।

इ) विभिन्न तोकआदेश

- शिक्षा विभागबाट जिल्लामा निकासा भएका राहत अनुदानबाट विद्यालय तोकी विभागले तोकेको आधारको परिधि भित्र रही आवश्यक व्यवस्था गर्न हुन भनी पठाएका केही पत्रका प्रतिलिपी प्राप्त भएका ।
- माननीय शिक्षा मन्त्रीज्यूको तोकआदेशअनुसार शिक्षा विभागबाट विद्यालय तोकी राहत अनुदान वितरण सम्बन्धमा आवश्यक कार्यवाहीका लागि पठाइएका केही पत्रहरुको प्रतिलिपी प्राप्त भएको ।

**स्थलगत अध्ययनकर्ता तथा प्रतिवेदक**

डा. लवदेव अवस्थी

डा. लेखनाथ पौडेल

मितिः २०६६/११/२३

Filename: Field visit Report 2.doc
Directory: C:\Documents and Settings\iiep\My Documents
Template: C:\Documents and Settings\iiep\Application Data\Microsoft\Templates\Normal.dotm
Title:
Subject:
Author: user
Keywords:
Comments:
Creation Date: 3/8/2010 10:35:00 AM
Change Number: 3
Last Saved On: 3/8/2010 11:17:00 AM
Last Saved By: MOES
Total Editing Time: 17 Minutes
Last Printed On: 3/19/2010 3:52:00 PM
As of Last Complete Printing
Number of Pages: 5
Number of Words: 1,175 (approx.)
Number of Characters: 6,699 (approx.)

## मिति २०६५ साल माघ २१ गते र त्यसपछि शिक्षा विभागबाट जिल्लामा वितरित शिक्षक दरवन्दी (राहत) को विवरण सम्बन्धमा छानविन गर्न गठित समितिको निर्णयानुसार चितवन, नवलपरासी र रुपन्देही जिल्लामा स्थलगत छानविनका लागि खटिइ गएको भ्रमण टोलीको प्रतिवेदन

प्रा. डा. तीर्थराज खनियाँ, सदस्य, राष्ट्रिय योजना आयोग
मुकुन्दमणि खनाल, शाखा अधिकृत, शिक्षा मन्त्रालय

मितिः २०६६/११/२२

१. अध्ययन विधि

(क) मिति २०६५ साल माघ २१ गते र त्यस भन्दा पछि शिक्षा विभागबाट जिल्लामा प्राप्त शिक्षक दरवन्दी (राहत) को विवरण केलाइएको ।

(ख) जिल्ला शिक्षा समितिको निर्णय भइ वितरण भएको वा सर्बदलिय संयन्त्रको निर्णय भइ वितरण भएको वा अन्य किसिमबाट निर्णय भइ वितरण भएको सम्बन्धमा माइन्यूटको अध्ययन गरिएको ।

(ग) जिल्ला शिक्षा अधिकारी, जिल्ला शिक्षा कार्यालयका विद्यालय प्रशासन शाखा हेर्ने शाखा अधिकृत लगायत सम्बद्ध अधिकृत कर्मचारीहरुसँग सोधपुछ गरिएको ।

२. स्थलगत निरीक्षणबाट प्राप्त सूचनाहरु

(क) मिति २०६५ साल माघ २१ गते र त्यसपछि शिक्षा विभागबाट जिल्लामा प्राप्त शिक्षक दरवन्दी (राहत) सम्बन्धमा जिल्ला शिक्षा कार्यालय, चितवनले उपलब्ध गराएको विवरण र कागजातहरुको अध्ययन गर्दा निम्नानुसार रहेको पाइयो ।

| क्र.सं. | शिक्षा विभागको पत्रको | | राहत दरवन्दी संख्या (अपाङ्ग दरवन्दी सहित) | | | जिल्लामा प्राप्त भएको मिति | जिल्लाले वितरण गरेको मिति | वितरणको प्रक्रिया | वितरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | चलानी नं. | मिति | प्रा.वि | निमावि | मा.वि. | | | | |
| १ | ३६३ | २०६५/११/२ | १७ | ३६ | ३६ | २०६५/११/२० | २०६६/१/१३<br>२०६६/२/२९ | जिशिस को निर्णयबाट | शिक्षा विभागबाट निर्दिष्ट आधारमा |
| २ | ८४ | २०६५/१२/२८ (दृष्टिविहिन तथा शारीरिक अपाङ्ग राहत शिक्षक अनुदान) | ७ | १ | २ | २०६५/१/२९ | २०६६/२/२९ | जिशिस को निर्णयबाट | शिक्षा विभागबाट निर्दिष्ट आधारमा |
| ३ | ५६९ | २०६६/२/२९ | १२ | ७ | ६ | २०६६/३/१६ | २०६६/६/२९ | जिशिस को निर्णयबाट | शिक्षा विभागबाट निर्दिष्ट आधारमा |
| **जम्मा** | | | ३६ | ४४ | ४४ | | | | |

(अ) उल्लिखित सूचनाका आधारमा शिक्षा विभागबाट ३ पटक गरी प्राथमिक तहमा जम्मा ३६, निम्न माध्यमिक तहमा जम्मा ४४ र माध्यमिक तहमा जम्मा ४४ गरी कुल जम्मा १२४ राहत शिक्षक अनुदान निकासा भइ गएको देखियो ।

(आ) शिक्षा मन्त्रालयको मिति २०६५/१०/२१ (सचिवस्तर) को निर्णयानुसार शिक्षा विभागको च.नं. ३६३ मिति २०६५/११/२ को पत्रबाट चितवन जिल्लामा प्राथमिक तहमा जम्मा १७, निम्न माध्यमिक तहमा जम्मा ३६ र माध्यमिक तहमा जम्मा ३६ गरी कुल जम्मा ८९ राहत शिक्षक अनुदान प्राप्त भएको र जिल्ला शिक्षा समिति, चितवनको मिति २०६६/१/१३ को बैठकको निर्णयबाट उक्त मितिमा प्राप्त भएका सबै राहत शिक्षक अनुदान कोटा वितरण भएको देखिन्छ ।

(इ) शिक्षा विभाग, समाहित शिक्षा शाखाको च.नं. ८४ मिति २०६५/१२/२८ को पत्रानुसार दृष्टिविहिन तथा शारीरिक अपाङ्ग कोटा मध्ये प्राथमिक तहमा जम्मा ७, निम्न माध्यमिक तहमा जम्मा १ र माध्यमिक तहमा जम्मा २ गरी कुल जम्मा १० दृष्टिविहिन तथा शारीरिक अपाङ्ग राहत शिक्षक अनुदान जिल्ला शिक्षा कार्यालय, चितवनमा प्राप्त भएको र जिल्ला शिक्षा समिति, चितवनको मिति २०६६/२/२९ को बैठकको निर्णयबाट ती सबै राहत कोटा वितरण भएको पाइयो । तर उक्त समितिको निर्णय नं. ३ मा शिक्षा विभागबाट यस जिल्लाको लागि प्राप्त भएका प्राथमिक तहको वितरण हुन बाँकी रहेका प्राथमिक तहको राहत अनुदान कोटा भनी तीन ओटा विद्यालयहरुलाई एक/एक ओटा गरी जम्मा ३ ओटा राहत अनुदान कोटा वितरण भएको देखिन्छ । यी तीनओटा बाँकी भनी उल्लेख भएका राहत कोटाहरु कहिले प्राप्त भएका थिए भन्ने विवरण खुल्दैन ।

(ई) शिक्षा विभागको च.नं. ५६९ मिति २०६६/२/२९ को पत्रानुसार चितवन जिल्लामा प्राथमिक तहमा जम्मा १२, निम्न माध्यमिक तहमा जम्मा ७ र माध्यमिक तहमा जम्मा ६ गरी कुल जम्मा २५ राहत शिक्षक अनुदान प्राप्त भएको देखिन्छ । जिल्ला शिक्षा समिति, चितवनको मिति २०६६/६/२९ को बैठकको निर्णयबाट प्राथमिक तहमा जम्मा १०, निम्न माध्यमिक तहमा जम्मा ५ र माध्यमिक तहमा जम्मा ६ गरी कुल जम्मा २१ राहत शिक्षक अनुदान कोटा वितरण भएको देखिन्छ । यसमा प्राथमिक तहको २, निम्नमाध्यमिक तहको २ र माध्यमिक तहको १ गरी जम्मा ५ ओटा राहत शिक्षक अनुदान वितरण हुन वाँकी देखिन्छ । यस सम्बन्धमा माध्यमिक तहमा प्राप्त भएको कोटा एक शिक्षा विभागको निर्णयानुसार तनहुँ जिल्लामा पठाइएको र अर्को एक कोटा स्रोत व्यक्तिको व्यवस्थाका लागि राखिएको भनी जिल्ला शिक्षा अधिकारीबाट जानकारी प्राप्त भएको थियो ।

(उ) निम्न माध्यमिक तहको राहत शिक्षक अनुदान मध्ये दुई ओटा कोटा क्रमशः श्री पृथ्वी मा.वि. जुटपानी (शिक्षा विभागको च.नं. ५७१ मिति २०६६/३/०७ को पत्रानुसार) र श्री कबिलास मा.वि. जुगेडी (शिक्षा विभागको पत्र उपलब्ध नभएको) लाई शिक्षा विभागबाट विद्यालय तोकी पठाइएको र सो कोटाहरुका सम्बन्धमा जिल्ला शिक्षा समितिको निर्णय भएको देखिएन ।

(ऊ) जिल्ला शिक्षा कार्यालय चितवनले उपलब्ध गराएको विवरण अनुसार जिल्लामा प्राप्त प्राथमिक तहको राहत शिक्षक अनुदान कोटाहरु मध्ये दुई ओटाकोटाहरु वितरण हुन बाँकी देखिन्छ ।

(ए) मा. शिक्षा राज्य मन्त्रीज्यूको निजी सचिवालयको च.नं. ५६ मिति २०६६/७/२५ को पत्रानुशार चितवन जिल्लाको राष्ट्रिय प्रा.वि. बघौडा, २ माडीलाई नियमानुसार कोटा उपलब्ध गराउने भनी शिक्षा विभागलाई पत्र गएको र सो को सक्कलै पत्र शिक्षा विभागको च.नं. ७७५ मिति २०६६/८/७ को पत्रबाट जिल्ला शिक्षा कार्यालय, चितवनमा पठाइएको तर सो पत्र बमोजिम उक्त विद्यालयलाई राहत शिक्षक अनुदान उपलब्ध गराइएको देखिएन ।

(ख) जिल्ला शिक्षा कार्यालय, नवलपरासीका हकमा जिल्ला शिक्षा अधिकारीसँग पटक पटक सम्पर्क गर्न खोज्दा सम्पर्क हुन सकेन । जिल्ला शिक्षा कार्यालय, चितवनबाट टेलिफोनमा उक्त कार्यालयका शाखा अधिकृत श्री टीकाराम शर्मासँग कुरा भए अनुसार जिल्ला शिक्षा अधिकारी घरायसी कामका सिलसिलामा आफ्नो घर जानु भएको सूचना प्राप्त भएको हुँदा अध्ययन टोली जिल्ला शिक्षा कार्यालय, नवलपरासीको स्थलगत निरीक्षण गर्न गएन ।

(ग) जिल्ला शिक्षा कार्यालय, रुपन्देहीको जिल्ला शिक्षा कार्यालयमा जिल्ला शिक्षा अधिकारी श्री राकेश श्रीवास्तवसँग छलफल गरियो । सो सम्बन्धमा जिल्लामा प्राप्त राहत शिक्षक कोटा वितरणको निर्धारित फारम भर्न लगाइएको र सो जिल्लामा शिक्षा विभागको विभिन्न मितिमा गरी चार पटक (शिक्षा विभागको

च.नं. ३६३ मिति २०६५/११/२, च.नं. ८४ मिति २०६५/१२/२८, च.नं. ५६९ मिति २०६६/२/२९ र च.नं. १३८ मिति २०६६/३/२९) राहत शिक्षक दरबन्दि प्राप्त भएको देखिन्छ । रुपन्देही जिल्लाका जिल्ला शिक्षा अधिकारीले उपलव्ध गराएको विवरणअनुसार जिल्लामा वितरित कोटाहरु जिल्ला शिक्षा समितिको निर्णयानुसार वितरण गरिएको भन्ने विवरण र जानकारी प्राप्त भएको । यसका साथै जिल्लामा प्राप्त शिक्षक अनुदान कोटा मध्ये केहि कोटाहरु वितरण गर्न बाँकी नै रहेको पाइयो ।

Filename: Field visit Report 3.doc
Directory: C:\Documents and Settings\iiep\My Documents
Template: C:\Documents and Settings\iiep\Application Data\Microsoft\Templates\Normal.dotm
Title: ldlt @)^% ;fn df3 @
Subject:
Author: hp
Keywords:
Comments:
Creation Date: 3/6/2010 1:24:00 PM
Change Number: 11
Last Saved On: 3/9/2010 4:42:00 PM
Last Saved By: MOES
Total Editing Time: 29 Minutes
Last Printed On: 3/19/2010 3:53:00 PM
As of Last Complete Printing
Number of Pages: 3
Number of Words: 828 (approx.)
Number of Characters: 4,721 (approx.)

## स्थलगत भ्रमणमा भेटिएका तथ्यहरु

श्री राजन खनाल, अर्थ मन्त्रालय

श्री बलराम तिमल्सिना, शिक्षा विभाग

(क) ललितपुर                                                   मिति २०६६/११/२२

- शिक्षा समितिमा पदेन सदस्यमात्र रहेको कारण बाट शिक्षा विभागकाट पहिलो पटक प्राप्त जम्मा सँख्या प्रावि ४ निमावि २८ र मावि २ शिक्षककहरुको पेशागत सँगठनको बैठकबाट निर्णय गरि वितरण गरिएको ।
- त्यसपछि प्राप्त भएका दरबन्दिहरु पेशागत संगठनसँग अनौपचारिक छलफल गरि कार्यालयले टिप्पणी मार्फत निर्णय गरी सोझै वितरण गरिएको जिशिकाको भनाइ पाइयो ।
- गत बर्षबाट वा जिल्लाको मौजुदा दरबन्दिबाट सम्बोधन हुनेगरि दरबन्दि प्रदान गर्न शिक्षा विभागबाट पत्रहरु प्राप्त हुने गरेको भए पनि दरबन्दि प्रदान नगरिएको जिशिकाको भनाई रहेको ।
- तोक आदेश र बिद्यालयको नाम तोकेर विभागबाट आएका कुनै पत्रहरुको पनि कार्यान्वयन नगरिएको जिशिकाबाट जानकारी प्राप्त भएको ।
- शिक्षा विभागबाट ललितपुर पठाईएका शिक्षक अनुदान (राहत कोटा) सम्बन्धी अभिलेख र शिक्षा कार्यालयमा भएको अभिलेख मिलेको पाईएन ।

(ख) **भक्तपुर**

- जिल्लामा प्राप्त प्रावि १  निमावि २२ र मावि १३ गरि जम्मा ३६ दरबन्दि शिक्षा समितिको मिति २०६६/३/१३ को बैठकको निर्णयानुसार वितरण गरिएको पाइयो ।
- समग्रमा भक्तपुरको शिक्षक विद्यार्थि सँख्या हेर्ने हो भने भक्तपुरको लागि थप दरबन्दि नै आवश्यक नभएको अबस्थामा पनि विभागबाट कोटा प्राप्त भएको कारणबाट पनि वितरणमा बिद्यार्थि सं्ख्या मात्रलाई आधार मान्न नसकिएको जिशिकाको भनाई रहेको पाइयो ।
- विभागको विद्यालय व्यवस्थापन प्राथमिक शाखा बाट विद्यालयको नाम तोकेर कोटा दिन शिक्षा कार्यालयलाई निर्देशन दिइए अनुसार शिक्षा कार्यालयबाट जिल्लामा प्राप्त अनुदान कोटाबाट ति विद्यालयहरुलाई प्रदान गरेको पाईयो । विभागको उक्त पत्र

धेरैदिन सम्म कुनै व्यक्ति विशेषसँग रहेको समेत बुझियो । यि तोकिएका विद्यालयमा दरबन्दि दिन केन्द्रस्तरदेखि स्थानीय तहसम्मबाट समेत दवाव आएको कार्यालयको भनाई रहेको पाइयो ।

- विद्यालयहरुलाई कोटा प्रदान गर्न मन्त्रीको तोक आदेश धेरै आएको पाईएता पनि सो अनुसार कार्यन्वयन भएको भने पाईएन ।

## (ग) काभ्रेपलाञ्चोक

- शिक्षा विभागबाट पहिलो चरणमा आएका दरबन्दिहरु जिल्ला शिक्षा समितिका साथै शिक्षकका पेशागत संगठनका प्रतिनिधिहरु समेतको उपस्थितिको बैठकको निर्णयबाट वितरण भएको पाईयो ।
- त्यसपछि आएका दरबन्दिहरु शिक्षा कार्यलयबाट टिप्पणीमा निर्णय गरी मिति २०६६/११/५ मा मात्र समितिबाट अनुमोदन गरेको पाईयो ।
- शिक्षा बिभागबाट विद्यालयको नाम तोकेर पठाएका पत्र कार्यान्वयन गर्न केन्द्रस्तरदेखि स्थानीय तहसम्मबाट समेत दवाव आउने गरेता पनि जम्मा २ ओटा विद्यालयहरुलाई मात्र सम्बोधन गरिएको कार्यालयको भनाई रहेको ।
- शिक्षा मन्त्रीको तोकआदेशका पत्र भन्दा बिभागबाट विद्यालय तोकेर बढि पत्र गएको पाईयो ।
- शिक्षा विभागबाट काभ्रे पठाईएको अभिलेख र शिक्षा कार्यालयमा भएको अभिलेख मिलेको पाईएन ।
- बिभागबाट एउटै चलानी नम्मरका ३ वटा सम्म फरक फरक पत्र शिक्षा कार्यालयमा पठाइृएको भेटियो ।

Filename: Field visit Report 4.doc
Directory: C:\Documents and Settings\iiep\Desktop\Annex Field Report
Template: C:\Documents and Settings\iiep\Application Data\Microsoft\Templates\Normal.dotm
Title:
Subject:
Author: balaram.timalsina
Keywords:
Comments:
Creation Date: 3/13/2010 7:41:00 PM
Change Number: 2
Last Saved On: 3/13/2010 7:41:00 PM
Last Saved By: MOES
Total Editing Time: 0 Minutes
Last Printed On: 3/19/2010 3:53:00 PM
As of Last Complete Printing
Number of Pages: 2
Number of Words: 375 (approx.)
Number of Characters: 2,138 (approx.)